जेठ – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३१, अङ्क ४ | २०७९ जेठ १६-३१ | पूर्णाङ्क ७१८



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री भीमराज घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| इजलास नं. १ | ११ |
| इजलास नं. २ | २ |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | ३ |
| इजलास नं. ५ | ३ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | ३ |
| इजलास नं. ८ | ३ |
| **जम्मा** | **३०** |

| | |
|---|---|
| इजलास नं. ९ | ३ |
| इजलास नं. १० | ३ |
| इजलास नं. ११ | १ |
| इजलास नं. १२ | २ |
| **जम्मा** | **९** |

**कूल जम्मा ३० + ९ = ३९**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७९, जेठ – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| इजलास नं. १ | | | १ – १३ |
| १. | विदेशी मुद्रा ओसारपसार गरी सङ्गठित अपराध गरेको | नेपाल सरकार वि. पेम्बा तामाङसमेत | १ |
| २. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रोमबहादुर रास्कोटी | २ |
| ३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुजन नेसा भन्ने सजावुन नेसासमेत | ३ |
| ४. | बन्दी प्रत्यक्षीकरण | राम सेढाई वि. जिल्ला प्रहरी कार्यालय, चितवनसमेत | ४ |
| ५. | निर्णय बदर | युराशिया रेयुकाई, नेपाल वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंसमेत | ५ |
| ६. | जग्गा खिचोला हक कायम दर्ता बदर दर्ता चलन | दुर्गा राम यादव भन्ने दुर्गाप्रसाद यादव वि. रामसेवक राय यादवसमेत | ६ |
| ७. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. विक्की भन्ने सुरक्षा सिंह | ७ |
| ८. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. टिका भन्ने बलबहादुर सुनार, टिका भन्ने बलबहादुर सुनार वि. नेपाल सरकार | ८ |
| ९. | जबरजस्ती करणी | अनिलकुमार पटेल वि. नेपाल सरकार | १० |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजेशकुमार खड्कासमेत, रामबहादुर तामाङ वि. नेपाल सरकार | ११ |
| ११. | जबरजस्ती करणी | नेपाल सरकार वि. अनिलप्रसाद चौहान | १२ |
| इजलास नं. २ | | | १३ – १५ |
| १२. | लागु औषध | कल्लु भन्ने समिम अन्सारी वि. नेपाल सरकार | १३ |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. देवेन्द्र विष्टसमेत | १४ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ३** | | | **१५ – १८** |
| **१४.** | बन्दी प्रत्यक्षीकरण | नन्दुराम आचार्य वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | **१५** |
| **१५.** | बन्दी प्रत्यक्षीकरण | सुमन श्रेष्ठ वि. जिल्ला प्रहरी कार्यालय, भरतपुर, चितवन | **१७** |
| **१६.** | बन्दी प्रत्यक्षीकरण | कमान किरण नकालसमेत वि. जिल्ला प्रहरी कार्यालय, बागलुङसमेत | **१७** |
| **इजलास नं. ४** | | | **१८ – २३** |
| **१७.** | जुवा | नेपाल सरकार वि. गोपालबहादुर जि.सी. समेत | **१८** |
| **१८.** | ठगी | उमादेवी थापा वि. नेपाल सरकार | **१९** |
| **१९.** | कर्तव्य ज्यान | भिमबहादुर बुढा वि. नेपाल सरकार, कमलबहादुर योञ्जन वि. नेपाल सरकार, प्रेमसिंह भण्डारी वि. नेपाल सरकार, बलराम रोकाया वि. नेपाल सरकार, रोशन थापा वि. नेपाल सरकार, नेपाल सरकार वि. बुद्धे बुढासमेत | **२०** |
| **इजलास नं. ५** | | | **२४ – २६** |
| **२०.** | मूल्य अभिवृद्धि कर (०६०/६१) | हिमालयन स्न्याक्स एण्ड नुडल्स प्रा.लि. वि. ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | **२४** |
| **२१.** | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. सुजन भन्ने घनश्याम गर्बुजासमेत | **२४** |
| **२२.** | मापदण्ड विपरीत निर्माण | नगर विकास योजना कार्यान्वयन समिति, अनामनगर वि. प्रेमकुमारी सुवेदी | **२५** |
| **इजलास नं. ६** | | | **२६ – २९** |
| **२३.** | उत्प्रेषण | ओयसिस मेडिकल कलेज एण्ड रिसर्च सेन्टर प्रा.लि. वि. नर्सिङ काउन्सिल बाँसबारी, काठमाडौं | **२६** |

| | | | |
|---|---|---|---|
| २४. | लेनदेन | जगलाल साह तेली वि. महेन्द्र साह तेली | २८ |
| **इजलास नं.७** | | | **२९ - ३३** |
| २५. | सार्वजनिक बाटो खिचोला | वैद्यनाथप्रसाद गुप्ता वि. राजकुमार मोदी | २९ |
| २६. | उत्प्रेषण समेत | अजित क्षेत्री वि. धर्मानन्द पन्त, सुरेन्द्रबहादुर विष्ट वि. धर्मानन्द पन्त | २९ |
| २७. | उत्प्रेषण समेत | दुर्गाप्रसाद निरौला वि. वैदेशिक रोजगार न्यायाधिकरण बुद्धनगर, काठमाडौंसमेत | ३० |
| **इजलास नं.८** | | | **३३ - ३५** |
| २८. | परमादेश | अरूण रानामगरसमेत वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौंसमेत | ३३ |
| २९. | लिखत एवं दर्ता बदर गरी बाटो खुलाई चलन चलाइपाऊँ | सुरेन्द्र नारायण पाण्डेय वि. नवलकिशोर सिंहसमेत | ३४ |
| ३०. | अंशचलन | शिवलाल मानन्धर वि. मंगललाल मानन्धरसमेत | ३५ |
| **इजलास नं.९** | | | **३५ - ३८** |
| ३१. | अंशचलन | पूर्ण शंकर तामाङ वि. चक्रवीर तामाङसमेत | ३५ |
| ३२. | कर्तव्य ज्यान | सञ्जय भट्ट वि. नेपाल सरकार | ३६ |
| ३३. | उत्प्रेषण प्रतिषेधसमेत | कृष्णभक्त नकर्मीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ३७ |
| **इजलास नं.१०** | | | **३८ - ४१** |
| ३४. | बन्दी प्रत्यक्षीकरण | सुवेश श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | ३८ |
| ३५. | उत्प्रेषणसमेत | श्रीमा डिष्ट्रिब्युसन नेपाल प्रा.लि. वि. भन्सार विभाग त्रिपुरेश्वर, काठमाडौंसमेत | ३९ |

| | | | |
|---|---|---|---|
| **३६.** | उत्प्रेषण प्रतिषेध परमादेश निषेधाज्ञा समेत | पार्वती चन्द वि. उच्च अदालत पोखरा, बागलुङ इजलास, बागलुङसमेत | **३९** |
| **इजलास नं.११** | | | **४१ - ४२** |
| **३७.** | बन्दी प्रत्यक्षीकरण | देवीबहादुर गुरूङ वि. महानगरीय प्रहरी परिसर, जावलाखेलसमेत | **४१** |
| **इजलास नं.१२** | | | **४२ - ४४** |
| **३८.** | अप्राकृतिक मैथुन | नेपाल सरकार वि. परिवर्तित नाम जिल्ला ७५(अ) कुमार | **४२** |
| **३९.** | बन्दी प्रत्यक्षीकरण | प्रेमा कुमारी गिरी वि. मकवानपुर जिल्ला अदालत, हेटौंडासमेत | **४३** |

## इजलास नं.१

**१**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७५-CR-२३३०, विदेशी मुद्रा ओसारपसार गरी सङ्गठित अपराध गरेको, नेपाल सरकार वि. पेम्बा तामाङसमेत*

प्रतिवादी पेम्बा तामाङलाई आरोपित कसुरमा अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, प्रतिवादी पेम्बा तामाङ पेसाले सवारी चालक रहेका र निजले Lets Travels को गाडी चलाउने गरेको र सोही सिलसिलामा निजले प्रतिवादी चाइनिज नागरिकहरूलाई रसुवागढीसम्म पुऱ्याउन बा.१ च१२३२ नं. को गाडीमा लैजाँदै गर्दा पक्राउ परेको भन्ने देखिन्छ । निज प्रतिवादी पेम्बा तामाङले मैले विगत ७ महिनादेखि ठमेल स्थित **Lets Travels** को बा. १ च. १२३२ नं. को गाडी चलाउँदै आएको छु । पक्राउ परेका चाइनिज नागरिकहरूसँग पहिला चिनजान भेटघाट थिएन । निजहरूलाई ठमेलबाट रसुवाको रसुवागढीसम्म लैजान चलाउँदै आएको गाडीमा लिई जाने क्रममा नागढुङ्गामा प्रहरीले रोकी चेकजाँच गर्ने क्रममा चाइनिज नागरिकहरूको सुटकेस तथा झोलाबाट विभिन्न देशको मुद्रा बरामद भई मसमेतलाई नियन्त्रणमा लिई आएको हो । निजहरूको झोला तथा सुटकेशमा विभिन्न देशको विदेशी मुद्रा रहेको सम्बन्धमा मलाई थाहा थिएन । निजहरूले रू.१२,०००।- भाडा दिने गरी लैजान लागेको हुँ भनी अनुसन्धानको क्रममा बयान गरेको देखिन्छ । अदालतसमक्ष बयान गर्दासमेत कसुरमा इन्कार रही आफूले रू.१२,०००।- भाडा लिएर चाइनिज नागरिकहरूलाई ठमेलबाट रसुवाको केरूङसम्म पुऱ्याउन लागेको र निजहरूको साथमा भएको विदेशी मुद्राको सम्बन्धमा केही जानकारी नभएको भनी बयान गरेका छन् । निजका साक्षी मानबहादुर तामाङले उक्त इन्कारी बयानलाई समर्थन गरी बकपत्र गरिदिएको पाइन्छ । उक्त स्कारपियो गाडीमा सवार भएका र कसुर ठहर भएका प्रतिवादीहरूले पनि यी प्रतिवादी पेम्बा तामाङलाई पोल गरेको अवस्था देखिँदैन । यी प्रतिवादीको साथबाट वा झोलाबाट विदेशी मुद्रा बरामद भएकोसमेत देखिँदैन । सवारी साधन चलाउने प्रतिवादी पेम्बा तामाङ र अन्य प्रतिवादीहरूको विगतमा सम्पर्क वा सम्बन्ध भएको खुल्न आएको छैन । यी प्रतिवादीहरूले सङ्गठित रूपमा अपराध गरेको भन्ने अभियोग दाबी रहेको र प्रतिवादी पेम्बा तामाङ अन्य प्रतिवादीहरूसँग सङ्गठित भएको वा कसुर गर्नका लागि सङ्गठन तयार गरेको भन्नेसमेत देखिँदैन । कसुर गर्नको लागि तयारी, पूर्वयोजना जस्ता चरणमा प्रतिवादी पेम्बा तामाङ अन्य प्रतिवादीहरूसँग संलग्न रहेको भन्ने खुल्न सकेको छैन । अन्य तीनैजना प्रतिवादी चाइनिज नागरिकहरूको झोलाबाट विदेशी मुद्रा बरामद हुँदा यी प्रतिवादीको साथबाट वा झोलाबाट बरामद भएको छैन । यी प्रतिवादी कसुरमा संलग्न रहेको भए यिनको साथबाट समेत अवैध विदेशी मुद्रा बरामद हुने अवस्था रहन्थ्यो । यसबाट समेत यी प्रतिवादीको कसुरमा संलग्नता रहेको भन्ने अवस्था देखिँदैन । अन्य प्रतिवादीहरूसँग यी प्रतिवादीको कसुरमा सहकार्य तथा संलग्नता पुष्टि हुन सकेको नदेखिई यी प्रतिवादीले चलाउने गाडी भाडामा लिई अन्य प्रतिवादीहरूले प्रयोग गरेको भन्ने देखिन्छ । यी प्रतिवादी पेम्बाले आरोपित कसुर गरेको भन्ने

पुष्टि हुन नसकेको हुँदा निज प्रतिवादीले आरोपित कसुरमा सफाइ पाउने गरी भएको उच्च अदालत पाटनको फैसला मिलेकै देखिने।

बरामद भएको बा.१.च १२३२ नं. को रातो स्कारपियो गाडी अभियोग दाबीबमोजिम जफत गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा उक्त गाडी सवारी चालक प्रतिवादी पेम्बा तामाङको नामको गाडी देखिन आएन। उक्त गाडी काठमाडौं चाबहिलमा सञ्चालित लेट्स ट्राभल्स एण्ड टुर्स प्रा. लि. को नाममा रही पर्यटक सवारी साधनको रूपमा रहेको र उक्त ट्राभल्स हिमे साङबो लामा तामाङले सञ्चालन गरेको देखिएबाट उक्त सवारीको धनीसमेत निज देखिन आउँछ। प्रस्तुत मुद्दामा निज हिमे साङवा लामा तामाङलाई प्रतिवादी बनाइएको छैन भने उक्त गाडीमा अवैध मुद्रा ओसार पसार गर्न निजले मन्जुरी वा स्वीकृति दिएको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट देखिन बुझिन पनि आउँदैन। प्रतिवादीहरूले समेत निज सवारी धनीलाई उक्त बरामद मुद्राको ओसार पसारको जानकारी भएको भनी पोल गरेको पाइएन। सवारी धनीले जानी जानी कसुरजन्य कार्यमा गाडी प्रयोग गर्न दिएको अवस्थामा मात्र सवारी साधन जफत हुने भन्ने भन्सार ऐन, २०६४ को दफा ५७(२) ले गरेको देखिन्छ। उक्त गाडीका धनीले जानी जानी उक्त गाडी अवैध विदेशी मुद्रा ओसार पसार गर्न दिएको भन्ने नदेखिएको र निजलाई प्रतिवादीसमेत नबनाइएको हुँदा वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिर जस्तो बरामद बा.१ च १२३२ नं. को गाडी जफत गर्नुपर्ने देखिन आएन। सो हुँदा उक्त गाडी जफत नहुने गरी भएको उच्च अदालत पाटनको फैसला मिलेकै देखिने।

यसमा पुनरावेदक वादी नेपाल सरकारले जिकिर लिएजस्तो प्रतिवादी पेम्बा तामाङलाई कसुरमा सजाय हुनुपर्ने, बरामद बा.१ च १२३२ नं. को गाडी जफत हुनुपर्ने तथा प्रतिवादीहरूलाई भन्सार ऐन, २०६४ बमोजिम फरक दफाबमोजिम सजाय हुनुपर्ने भन्ने अवस्था नदेखिएको र प्रतिवादी पेम्बा तामाङको कसुरमा संलग्नता पुष्टि हुन नसकेको तथा सवारी धनी हिमे साङबो लामा तामाङले आफ्नो गाडी जानी जानी कसुरजन्य कार्यका लागि प्रयोग गर्न दिएको भन्ने नदेखिँदा प्रतिवादी पेम्बा तामाङलाई आरोपित कसुरमा सफाइ दिने र बरामद उल्लिखित गाडी जफत नहुने गरी उच्च अदालत पाटनबाट मिति २०७५।९।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल भाद्र ३० गते रोज ३ शुभम्।**

## २

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-CR-००२८, कर्तव्य ज्यान, नेपाल सरकार वि. रोमबहादुर रास्कोटी*

प्रतिवादी रोमबहादुर रास्कोटीले मृतकलाई कुटपिट गरेको हो भनेर मौकामा कागज गर्ने र अदालतमा बकपत्र गर्ने कसैले पनि किटान गरी लेखाउन सकेका छैनन्। जाहेरवालाले जाहेरी बेहोरामा प्रतिवादीले कुटपिट गरेको र सोही कारणले मृतकको मृत्यु भएको भनी उल्लेख गरेको भए तापनि अदालतमा बकपत्र गर्दा आफूले सुनेको भरमा जाहेरी बेहोरा उल्लेख गरेको भनी लेखाएको देखिन्छ। प्रतिवादीले अदालतमा बयान गर्दा मृतकलाई आफूले धकेल्ने, लडाउने तथा कुटपिट केही गरेको होइन भनी जिकिर लिएको भए तापनि

अनुसन्धानका क्रममा बयान गर्दा प्रतिवादीले गाली गलौज गरी कराएको हुँदा फ्राइपेनसहितको हातले धकेली दिएको हुँ र आफ्नो होटल छेउमा लडिराखेको अवस्थामा नरबहादुरलाई केही पर लगेर सडक छेउमा राखेर आएको हुँ भनी लेखाएको तथा मौकामा कागज गर्ने खुमबहादुर वि.क. ले मैले प्रतिवादीको होटलमा बसेर खाजा खाइरहेको थिएँ । मृतक र प्रतिवादी कराइरहेका थिए, पछि ठ्वाङ्ग आवाज आएको र के भयो भनी बाहिर निस्केर हेर्दा मृतक भुइँमा लडेका र प्रतिवादी हातमा फ्राइपेन लिएर उभिरहेको देखेको थिएँ भनी लेखाइदिएको र जुना रास्कोटी र उमा खड्काले हामीहरू घटनास्थलबाट अगाडि जाँदै गर्दा नरबहादुर रोमबहादुरले सञ्चालन गरेको होटल अगाडि सडकमा उत्तानो अवस्थामा पल्टिएका थिए, कुटपिट गरेको भने देखेको होइन भनी गरिदिएको बकपत्रसमेतबाट प्रतिवादीले अनुसन्धानको क्रममा उल्लेख गरे मुताबिक प्रतिवादीले मृतकलाई धकेली दिँदा सडकमा लडी चोट लाग्न गई मृतकको मृत्यु भएको देखिन्छ । प्रतिवादीले मार्ने मनसाय राखी कुटपिट गरेको र सोही कारणबाट मृतकको मृत्यु भएको भन्ने देखिन आउँदैन । प्रतिवादीले ज्यान मार्ने मनसाय राखी मृतकलाई धकेलिदिएको भन्ने पुष्टि हुन सकेको छैन । तथापि प्रतिवादीले धकेली दिँदा मृतक भुइँमा लड्न पुगेको र सोही कारणबाट टाउकोमा चोट लागी मृतकको मृत्यु भएको तथ्यलाई अन्यथा भन्न सकिँदैन । प्रतिवादीले मनसाय राखेको नभए तापनि मृतकले प्रतिवादीलाई गाली गलौज गरेको कारणले प्रतिवादीले रिसमा मृतकलाई धकेली दिँदा मृतकको मृत्यु भएको देखिन्छ । प्रतिवादीले मनसायपूर्वक कार्य गरेको नभई होस नपुर्‍याई तथा हेलचेक्र्याइँ गरी कार्य गरेको देखिन आएको हुँदा प्रतिवादीको कार्यबाट भवितव्यमा परी मृतकको मृत्यु भएको पुष्टि हुन आएको छ । सो हुँदा प्रतिवादीको कार्यलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. बमोजिमको भवितव्य ज्यानको कसुर कायम गरी ऐ. ६(२) नं. बमोजिम सजाय गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला अन्यथा देखिन नआउने ।

प्रतिवादीले धकेली दिँदा भुइँमा लडी चोट लागेका कारण मृतक नरबहादुर वि.क. को मृत्यु भएको हुँदा सुरू फैसला उल्टी गरी प्रतिवादीको कसुरलाई भवितव्य ज्यान कायम गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. बमोजिमको कसुरमा सोही महलको ६(२) नं. बमोजिम प्रतिवादी रोमबहादुर रास्कोटीलाई २ वर्ष कैद र रू. ५००।- जरिवाना सजाय हुने गरी भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७५।११।७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति सवंत् २०७७ साल जेठ २५ गते रोज १ शुभम् ।**

## ३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-CR-०९६३, कर्तव्य ज्यान, नेपाल सरकार वि. सुजन नेसा भन्ने सजावुन नेसासमेत*

प्रतिवादीहरू सजुन नेसा भन्ने सजावुन नेसा र जमालुदिन मियाँ मन्सुरीसमेत वारदातस्थलमा उपस्थित रही आफूहरूले सुखल मियाँ मन्सुरीलाई ढुङ्गा, इँट्टा प्रहार गरेको भन्ने निजहरूको अधिकारप्राप्त अधिकारीसमक्षको बयान रहेको, निजहरूले समेत इँट्टा, ढुङ्गाले प्रहार

गरेको भन्ने जाहेरी तथा बुझिएका व्यक्तिहरूको मौकाको कागज रहेको र निज प्रतिवादी दुवैको शरीरमा घा चोट लागेको भन्ने निजहरूका नाउँको घा जाँच केस फारामबाट देखिएबाट निजहरू वारदातस्थलमा उपस्थित रहेको भन्ने कुराको पुष्टि भए पनि सुखल मियाँ मन्सुरीको लास प्रकृति मुचुल्कामा टाउकोमा २ वटा चोट लागेको, निजको मृत्यु निजको टाउकोमा लागेको चोटका कारण भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिएको र यी प्रतिवादीहरूको प्रहारबाट उक्त टाउकाको चोट परेको भन्ने कुराको अन्य विश्वसनीय आधार मिसिल सामेल रहेको देखिएन । केवल निजहरू वारदातका अवस्था वारदातस्थलमा मौजुदा थिए भनी देखिएकै मात्र आधारमा निजहरूलाई ज्यान जस्तो जघन्य कसुरको कसुरदार कायम गर्नु न्यायसङ्गत हुँदैन। प्रतिवादी जफरूल मिया मन्सुरी वारदातस्थलमा नरही वारदात समयमा आफू बहिनीको घर सिम्रा भवानीपुरको ज्वैराजपुरमा थिएँ भनी Alibi को जिकिर लिई बयान गरेको र निजको बयान बेहोरालाई निजका साक्षीको बकपत्रबाट समेत समर्थित भएको देखिन्छ । जफरूल मियाँ मन्सुरी घटनामा संलग्न भए नभएको नदेखेको भनी वारदातमा संलग्न प्रत्यक्षदर्शी प्रतिवादीहरू सजुन नेसा भन्ने सजावुन नेसा र जमालुदिन मियाँ मन्सुरीले समेत आफ्नो अनुसन्धानको बयानमा खुलाएको समेत आधारमा प्रस्तुत वारदातमा निजको संलग्नता रहेको देखिँदैन । वारदातमा संलग्न नभएको व्यक्ति र वारदातका अवस्था वारदातस्थलमा रहे पनि मृतकलाई मार्ने कार्यमा संलग्न नभएको अवस्थामा समेत वारदातस्थलमा मौजुदा देखिएकै मात्र आधारमा मात्र निजहरूलाई ज्यान जस्तो जघन्य कसुरको कसुरदार कायम गरी सजाय गर्न मिल्ने अवस्था नहुँदा निज प्रतिवादीहरू सजुन भन्ने सजावुन नेसा, जमालुद्दिन मियाँ मन्सुरी र जफरूल मियाँ मन्सुरीलाई समेत अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर तथ्यसङ्गत देखिएन पुनरावेदनपत्रमा उल्लिखित नजिरसमेत प्रस्तुत मुद्दामा आकर्षित हुने नदेखिने।

प्रतिवादी नन्दुराम भन्ने अब्दुल रहमानको हकमा मिति २०७३।३।२० को हकमा मुलतबी राखी अन्य प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने गरी भएको सुरू रौतहट जिल्ला अदालतको फैसला केही उल्टी भई निज प्रत्यर्थी प्रतिवादीहरू मोख्तार मिया मन्सुरी र जमिरूल मिया मन्सुरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने र प्रतिवादीहरू सजुन भन्ने सजावुन नेसा, जमालुद्दिन मियाँ मन्सुरी र जफरूल मियाँ मन्सुरीले सफाइ पाउने गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७५।३।६ मा भएको फैसला सदर हुने।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर : रमला पराजुली

**इति संवत् २०७७ साल जेठ २७ गते रोज ३ शुभम्।**

**४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७७-WH-००१३, बन्दीप्रत्यक्षीकरण, राम सेढाई वि. जिल्ला प्रहरी कार्यालय, चितवनसमेत*

बम विस्फोट तथा संगठित अपराधको कसुरमा हालसम्म सङ्कलित भएका प्रमाणहरूले यी निवेदकको हकमा स्पष्ट रूपमा संलग्न भएको खुल्दैन । प्रतिवेदन जाहेरी प्रहरीले मात्र दिएको देखिन्छ र उक्त जाहेरीमा यी निवेदकलाई किटान

गर्दासमेत कुनै आधार नखुलाई विशेष सूचनाको आधार देखाइएको छ । कागज गर्नेहरूले राति केही मानिसहरू आई विस्फोट गराएका रहेछन् भनी बेहोरा लेखाइदिएको भए तापनि यी निवेदक उक्त वारदातमा संलग्न थिए भनी कहीँकतैबाट खुल्दैन । संगठित अपराधको कसुरमा ६० दिनसम्म अनुसन्धानको क्रममा हिरासतमा राख्न सकिने कानूनी व्यवस्था रहेकोले सामान्य कसुरमा भन्दा लामो समयसम्म थुनामा राख्न सकिने हुन्छ । सोही कारणले संगठित अपराधमा म्याद थप गरेको भन्ने देखिन्छ । राज्यका निकायले संकितलाई अदालतबाट म्याद थप अनुमति लिई अनुसन्धानका लागि थुनामा राख्न पाउने भए तापनि यसरी हिरासतमा राख्न स्पष्ट आधार र कारण देखाउनुपर्ने हुन्छ । कसुरमा संलग्नता देखिने प्रमाण देखिएमा कानूनबमोजिमको कारबाही गर्न सकिने नै हुँदा प्रस्तुत मुद्दामा निवेदकलाई थुनामा नै राखेर अनुसन्धान गर्नुपर्ने अवस्था नदेखिने ।

राजनीतिक आस्थाकै कारण पूर्वाग्रहीरूपमा प्रवृत्त धारणा राखी निवेदक राम सेढाईंलाई कागजी प्रक्रियासम्म पुऱ्याई थुनामा राखेको भन्ने देखिएको हुँदा उक्त कार्यलाई कानूनबमोजिमको थुना भन्न मिलेन । निवेदक बन्दी राम सेढाईंलाई अन्य मुद्दामा थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल भाद्र ३ गते रोज ४ शुभम् ।**

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७०-CI-०४९३, निर्णय बदर, युराशिया रेयुकाई, नेपाल वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंसमेत*

संस्था दर्ता ऐन, २०३४ को दफा १३ मा पुनरावेदनको व्यवस्था रहेको देखिन्छ । ऐनको दफा १३ मा "दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णयउपर पैंतिस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ" भनी स्पष्ट रूपमा संस्थाको सम्बन्धमा स्थानीय अधिकारीले गरेको निर्णयउपर पुनरावेदन गर्ने समय र पुनरावेदन लाग्ने अदालत तोकेको पाइन्छ । ऐनको दफा १२ ले विभिन्न सजायको व्यवस्था गरेको पाइन्छ । ऐनको दफा १२ बमोजिम सजाय गरेकोमा सो सजाय भएउपर जिल्ला अदालतमा पुनरावेदन लाग्न सक्ने र सजाय नभएको वा अन्य अवस्थाको निर्णयउपर अर्को निकायमा पुनरावेदन लाग्छ भनी अर्थ गर्न मिल्ने पनि देखिन नआउने ।

संस्था दर्ता ऐन, २०३४ को दफा १३ ले पुनरावेदन अदालतलाई संस्था दर्ता सम्बन्धमा स्थानीय अधिकारीले गरेको निर्णयउपर पुनरावेदन हेर्ने क्षेत्राधिकार नरहेको अवस्थामा न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) बमोजिम आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्रको निकायले गरेको निर्णय वा अन्तिम आदेशउपर पुनरावेदन सुनी सबुद प्रमाण हेरी तथ्यभित्र पसी कारबाही किनारा गर्नुपर्नेमा पुनरावेदन खारेज गरेको इन्साफमा त्रुटि देखिएको भनी यस अदालतको संयुक्त इजलासको दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्ने गरी भएको आदेशमा उल्लिखित आधारहरूसँग सहमत हुन सक्ने अवस्था रहेन । न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) एवं संस्था दर्ता ऐन, २०३४ को दफा १३ को आधारमा पुनरावेदनपत्र खारेज गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति

२०६९/७/१९ को फैसलालाई अन्यथा भन्न नमिल्ने।

संस्था दर्ता ऐन, २०३४ अन्तर्गत स्थानीय अधिकारीले गरेको निर्णयउपर पुनरावेदन लाग्ने नलाग्नेसम्बन्धी व्यवस्थालाई ऐनको दफा १३ ले स्पष्ट गरिरहेको अवस्थामा प्रचलित कानूनमा अन्यथा व्यवस्था नरहेको भनी पुनरावदकले उल्लेख गर्नुभएअनुसार न्याय प्रशासन ऐन, २०४८ को दफा ८(१) बमोजिम क्षेत्राधिकार प्राप्त गरेको नदेखिएकोले प्रस्तुत पुनरावदेन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनको मिति २०६९/७/१९ को फैसला आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गम्भीर घिमिरे (शा.अ.)

**इति संवत् २०७६ साल फागुन ६ गते रोज ३ शुभम्।**

**६**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७२-CI-१८०७, जग्गा खिचोला हक कायम दर्ता बदर दर्ता चलन, दुर्गा राम यादव भन्ने दुर्गाप्रसाद यादव वि. रामसेवक राय यादवसमेत*

विवादित सम्पत्ति बण्डापत्र हुँदाका समयमा दुर्गा प्रसादकी श्रीमती राजकलिया देवीको नाम दर्तामा थियो, थिएन ? भनी हेर्नुपर्ने देखियो। फिराद लेखबाटै २०२२ सालमा भाइबुहारी पुनकलिया देवीको नाममा सर्वे नापी भए पनि मैले निरन्तर रूपमा जोतआवाद भोगचलन गरिआएको भन्ने देखिएकाले उक्त विवादित जग्गा २०२२ सालको सर्वे नापीमा प्रतिवादी पुनकलिया देवीको नाममा दर्ता भएको जग्गा २०३७ सालमा बण्डापत्र हुँदाका बखत राजकलिया देवीको नाम दर्तामा रहने अवस्था नै रहेन। बण्डा हुनुभन्दा अगावै प्रतिवादी पुनकलिया देवीको नाममा दर्ता कायम भएको जग्गा सो दर्ता बदर नभएसम्म स्व. राजकलिया देवीको हक हुन सक्ने देखिँदैन र राजकलिया देवीले समेत समयमा सो बदरतर्फ कारबाही अघि बढाएको भन्नेसमेत देखिएन। बण्डा हुँदाका बखत राजकलिया देवीको दर्ता कायम नरहेको जग्गामा बण्डापत्रमा उल्लेख भएकै आधारमा यी वादीको हक स्थापित हुन सक्ने देखिएन। आफ्नो हक स्थापित नभएको र प्रतिवादीकै नाम दर्ताको जग्गामा प्रतिवादीले खिचोला गरे भनी दाबी लिन कानूनतः मिल्ने नदेखिने।

ने.का.प. २०५४, वैशाख अङ्क, निर्णय नं. ६३०९ मा प्रतिपादित सिद्धान्तको प्रतिकूल भयो भन्ने प्रश्नतर्फ हेर्दा, उक्त मुद्दामा वि.सं. २००० सालमा अंशबण्डा हुँदा वादीको पिताको अंश भागमा परेको जग्गा पछि प्रतिवादीहरूले दर्ता गराएको भन्ने विवाद हो। प्रस्तुत मुद्दामा बण्डापत्र हुँदा वादी अर्थात् दुर्गाप्रसादको पत्नी राजकलिया देवीको नाम दर्ता कायम रहेको अवस्था होइन र बण्डापत्र हुनुभन्दा अगावै सर्वे नापीबाट प्रतिवादी पुनकलिया देवीको नाममा दर्ता भएको जग्गा हो। मुद्दाको तथ्य नै फरक रहेको अवस्था हुँदा प्रस्तुत मुद्दामा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा यस अदालतबाट प्रतिपादित सिद्धान्तविपरीत देखिएको भन्ने यस अदालतको संयुक्त इजलासको आदेशसँग सहमत हुन सक्ने अवस्था नरहने।

यी वादी प्रतिवादीबिच मिति २०३७/८/२२ मा बण्डापत्र पारित भई अलग भिन्न भएको देखिन्छ। सो बण्डापत्रमा यी वादी / पुनरावेदक र प्रतिवादी रामसेवककी पत्नीहरूको नाउँमा नापी दर्ता रहेको जग्गा आ-आफ्नो अंशमा पर्ने भनी उल्लेख भएबाट सो जग्गा बण्डाबाट भाइ र बुहारीको अंशभागमा परिसकेको अवस्था

देखिन्छ । यी पुनरावेदककी पत्नीले २०१४ सालमा खरिद गरेको जग्गा आफ्नो भाइबुहारीले नापी गराई आफ्नो नाउँमा दर्ता गराएको अवस्थामा निजको नाउँमा दर्ता भएउपर यी पुनरावेदकले कुनै उजुर नगरी सो नापी दर्ता बदर गराउन नसकेको, मिति २०३७/८/२२ मा भएको बण्डापत्र स्वीकार गरी बसेको देखिएकाले बण्डापत्रबाट सगोलको सम्पत्ति सगोलको अंशियारको नाउँमा गइसकेको अवस्थामा आफ्नो दर्ता भोग नै नरहेको सम्पत्तिमा हाल आएर खिचोला मेटाई दर्ता बदर गरी हक कायमसमेत गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहराई रौतहट जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी भएको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको मिति २०६९/८/२२ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गम्भीर घिमिरे

**इति संवत् २०७६ साल फागुन ६ गते रोज ३ शुभम्।**

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-१५९३, अपहरण तथा शरीर बन्धक, नेपाल सरकार वि. विक्की भन्ने सुरक्षा सिंह*

एउटी महिला राजधानीबाट बेपत्ता भई हालसम्म पनि निजको अवस्था ज्ञात नहुनु दु:खद अवस्था भए तापनि अपहरण तथा शरीर बन्धक जस्तो संगठित रूपमा बल प्रयोग गरी गरिने अपराधको सम्बन्धमा एकजना महिला प्रतिवादीउपर मात्र आशंकामा अनुसन्धान केन्द्रित भई कुनै सार्थक निष्कर्ष निस्केको पाइँदैन । चार सदस्यीय हराइरहेकी छोरीमैया महर्जन सम्बन्धमा छानबिन गर्न गठित समितिले अदालतमा मुद्दा विचाराधीन रहेको अवस्था देखाई छानबिनमा असहजता महसुस गरिएको भनिएको उक्त समितिको प्रतिवेदनसमेत अनुसन्धानको क्रममा सङ्कलित भएको कागजातको वरिपरि मात्र सीमित रही छोरीमैया महर्जन बेपत्ता भएको विषयमा यकिन राय दिएको अवस्था देखिएन । यसरी जिम्मेवार निकायले समेत छोरीमैया महर्जनलाई हराइरहेकी भनी स्वीकार गरेको तथा मानिस हराई बेपत्ता हुनु तथा अपहरण गरी बन्धक बनाउनु नितान्त फरक विषयवस्तु हो, यी प्रतिवादीउपरको अभियोग अभियोजन पक्षबाट वस्तुनिष्ठ रूपमा शंकारहित तवरबाट विश्वासनीय आधारमा पुष्टि हुने प्रमाण मिसिल संलग्न कागजातबाट देखिन नआएबाट यी प्रतिवादीलाई आरोपित अपहरण तथा शरीर बन्धकको कसुरबाट सफाइ दिने गरी सुरू अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला मिलेकै देखिँदा पुनरावेदक वादी नेपाल सरकारको अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदन र बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी निक्की भन्ने सुरक्षा सिंहलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १, २ र ३ नं. बमोजिमको कसुरमा सोही महलको ३ नं. बमोजिम सजाय तथा कसुर महिला विरूद्धको समेत हुँदा सोही महलको ९ नं. बमोजिम थप सजाय गरी १२ नं. बमोजिम पीडितलाई पुग्न गएको शारीरिक एवं मानसिक क्षतिबापतको क्षतिपूर्तिसमेत दिलाई भराइ पाउँ भन्ने अभियोग दाबी पुग्न नसक्ने ठहर गरी यी प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।०२।१९ मा भएको फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७३।७।२३ को फैसला मिलेकै देखिँदा

सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : प्रकाश सुवेदी

कम्प्युटर : रमला पराजुली

**इति संवत् २०७७ साल मङ्सिर ३ गते रोज ४ शुभम् ।**

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-१११४, ०७५-CR-११६०, लागु औषध (खैरो हेरोइन) नेपाल सरकार वि. टिका भन्ने बलबहादुर सुनार, टिका भन्ने बलबहादुर सुनार वि. नेपाल सरकार*

उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट प्रतिवादी बलबहादुर सुनारलाई अभियोग दाबीबमोजिम सजाय हुने गरी भएको सुरू फैसला सदर हुने गरी फैसला भएको छ । प्रतिवादीलाई लागु औषधको कारोबारको कसुरमा कसुरदार ठहऱ्याइसकेपछि निजले लागु औषध कारोबार गरी आर्जित निजको बैंक खातामा रहेको रकम रू. ६,७८,३४२।- लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १८क बमोजिम जफत हुनुपर्ने हो भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको छ। यस सम्बन्धमा हेर्दा लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १८क ले लागु औषधको कारोबार वा बिक्री वितरण गरी आर्जित गरेको चल अचल सम्पत्ति जफत हुने व्यवस्था गरेको छ । उक्त व्यवस्थाअनुसार सम्पत्ति जफत हुनको लागि उक्त सम्पत्ति लागु औषधको कारोबार वा बिक्री वितरणबाट नै आर्जित भएको हो भन्ने पुष्टि भएको हुनुपर्ने देखिन्छ । प्रतिवादी टिका भन्ने बलबहादुर सुनारको नाममा बैंक अफ काठमाडौंको खातामा रहेको रकम रू. ६,७८,३४२।- निज प्रतिवादीले लागु औषधको कारोबारबाट नै निजले कमाएको हो भनी वस्तुनिष्ठ प्रमाणबाट देखिन आएको छैन । वादी नेपाल सरकारले जफत दाबी लिएको रकम र लागु औषधको कारोबारको सम्बन्ध देखाउन सकेको छैन । यसका लागि विश्वसनीय प्रमाण पेस गर्न सकेको देखिँदैन । वादी नेपाल सरकारको अभियोग दाबी र पुनरावेदनको यी प्रतिवादी लागु औषधको कारोबारी हुन् भन्ने पुष्टि भएको हुँदा जफत हुनुपर्छ भन्ने जिकिरलाई हेर्दा लागु औषधको कारोबार गरेको पुष्टि हुनु र लागु औषध कारोबारबाट कमाइ भएको पुष्टि हुनु दुई फरक अवस्था हुन् । यी प्रतिवादीले लागु औषधको कारोबार गरेको पुष्टि भएको अवस्थामा पनि निजको बैंक खातामा रहेको रकम लागु औषधको कारोबारबाट नै कमाएको भन्ने स्वतः पुष्टि हुँदैन । सो हुँदा यी प्रतिवादीको बैंक खातामा रहेको रकम लागु औषधको कारोबारबाट आर्जित गरेको रकम हो भन्ने पुष्टि हुन नसकेको हुँदा उक्त रकम जफत नहुने गरी भएको सुरू फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मिलेकै देखिने ।

प्रतिवादी टिका भन्ने बलबहादुर सुनारको आरोपित कसुरमा सफाइ हुनुपर्छ भन्ने पुनरावेदन जिकिरलाई हेर्दा यी प्रतिवादी बलबहादुर सुनारको साथबाट तथा बस्ने गरेको कोठाबाट पुरिया बनाएर लागु औषध खैरो हिरोइन राखेको पुरियाहरू बरामद भई जम्मा ५९४ पुरिया रहेको र सबै पुरियाहरूमा रहेको लागु औषध १५६ ग्राम ४९६ मिलिग्राम लागु औषध खैरो हिरोइन र तौल गर्ने डिजिटल मेसिनसमेत बरामद भएको बरामदी मुचुल्काबाट देखिन्छ । उक्त बरामदी मुचुल्का हुँदा निज स्वयं र निजकी पत्नीसमेत रोहबरमा बसेको देखिन्छ । निज प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार रहेको भए तापनि अनुसन्धानको क्रममा

बयान गर्दा आफूले लागु औषध खरिद गरी ल्याई पुरिया बनाएर बिक्री वितरण गरेको कुरामा साबित रही बयान लेखाएका छन् । निजको साथबाट तथा डेरा कोठाबाट बरामद भएको ठुलो परिमाणको लागु औषधका सम्बन्धमा निजले अदालतमा बयान गर्दा अन्यथा जिकिर लिएको भए तापनि सोको पुष्टि हुने प्रमाण पेस गर्न सकेका छैनन् । त्यसैगरी सहप्रतिवादी दिपक प्रधानले अनुसन्धानको क्रममा बयान गर्दा टिका भन्ने बलबहादुर सुनारसँग ८।१० पटक १।२ हजारको दरले लागु औषध ल्याइसकेको छु भनी यी प्रतिवादीलाई पोल गरेका छन् भने बरामदी मुचुल्कासमेतलाई पुष्टि गर्ने गरी प्रतिवेदकले अदालतमा आई बकपत्र गरिदिएको समेतले यी प्रतिवादीको कसुर पुष्टि हुन आएको छ। प्रतिवादी बलबहादुर सुनारले अनुसन्धानको क्रममा भएको बयान मेरो होइन भन्ने जिकिर लिएको भए तापनि प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम अनुसन्धानको बयान अन्यथा हुने अवस्था देखाउन सकेका छैनन् । आफ्नी पहिलो श्रीमतीले फसाउन उक्त लागु औषध आफ्नो कोठामा राखिदिएको भन्ने निजको जिकिरलाई हेर्दासमेत उक्त जिकिर पुष्टि गर्न सक्ने केही प्रमाण पेस गर्न सकेका छैनन् भने उक्त जिकिर विश्वसनीयसमेत देखिँदैन । निजको साथबाट र निज बस्ने कोठाबाट ठुलो परिमाणमा बिक्रीका लागि पुरिया बनाएर राखिएको अवस्थामा बरामद भएको लागु औषध अन्यथा देखिएको छैन । बरामद भएको लागु औषधको मात्रा तथा बिक्रीका लागि पुरिया बनाएर राखेको अवस्थामा बरामद भएको प्रकृति हेर्दा निज प्रतिवादीले अनुसन्धानका क्रममा गरेको बयानअनुरूप नै निजले लागु औषधको कारोबार तथा खरिद बिक्री गरेको भन्ने पुष्टि हुन आएको छ । सो हुँदा यी प्रतिवादीलाई लागु औषधको कारोबारमा कसुर कायम गरी सजाय गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मिलेकै देखिने ।

प्रतिवादी बलबहादुर सुनारले लागु औषध खैरो हिरोइनको कारोबार तथा बिक्री वितरण गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिवादीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(ङ) र (च) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा सोही ऐनको दफा १४(१)(छ)(३) बमोजिम निज प्रतिवादीलाई १५ वर्ष कैद र रू.५,००,०००।- (पाँच लाख) जरिवाना हुने र निजको बैंक खातामा रहेको रकम रू. ६,७८,३४२।- जफत नहुने गरी भएको सुरू रूपन्देही जिल्ला अदालतको फैसला सदर गरी भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७५।१।४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको बैंक खातामा रहेको रकम जफत गरिपाउँ भन्ने वादी नेपाल सरकारको र आरोपित कसुरमा सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रतिवादी टिका भन्ने बलबहादुर सुनारको मिति २०७५।१०।१६ गते उपचारको क्रममा मृत्यु भइसकेको भनी मिति २०७७।३।२३ मा कारागार कार्यालय जगन्नाथदेवलबाट जानकारी गराइएको मिसिल संलग्न पत्रबाट देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५८ मा *अदालतबाट कसुरदार ठहरी सजाय पाएको व्यक्तिको मृत्यु भएमा मृत्यु हुँदाका बखतसम्म कार्यान्वयन हुन बाँकी रहेको सम्पूर्ण कैद सजाय वा जरिवाना स्वतः मिनाहा हुने छ* भन्ने व्यवस्था रहेको देखिँदा निज प्रतिवादीको हकमा निजलाई

लागेको कैद र जरिवानामध्ये बाँकी कैद र जरिवाना मिनाहा हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल आश्विन ६ गते रोज ३ शुभम् ।**

**९**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७५-CR-०५८८, जबरजस्ती करणी, अनिलकुमार पटेल वि. नेपाल सरकार*

पीडितले प्रतिवादीलाई गढाउ गरी गरेको मौकाको कागज तथा अदालतको बकपत्र, प्रतिवादीलाई किटान गरिदिएको जाहेरी दरखास्त, पीडितलाई ललाई फकाई गरी करणी गरेको हो भन्नेसम्म स्वीकार गरी प्रतिवादीले गरेको मौकाको बयान, पीडित इनर्वा (ठ) को Hymen absent भन्ने उल्लेख भएको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा पीडितको गर्भ आफूले मिति २०७१।१०।५ मा निजको मन्जुरीमा पतन गराएको हो भनी डा. नविन सर्राफले अदालतमा गरिदिएको बकपत्रसमेतले यी प्रतिवादीले १५ वर्षकी पीडित इनर्वा (ठ) लाई जबरजस्ती करणी गरेको र निजकै जबरजस्ती करणीको कारणबाट पीडित इनर्वा (ठ) मा गर्भसमेत रहेको र निजको गर्भसमेत पतन गराइएको भन्ने पुष्टि हुन आएको देखिने ।

प्रतिवादीको यस अदालतमा परेको पुनरावेदनमा रहेको जिकिर हेर्दा पीडितको उमेरका विषयमा कुनै जिकिर लिएको देखिँदैन । केवल घटना कुन मितिमा कसरी भएको र मन्जुरी वा बेमन्जुरीमा भएको भन्ने स्पष्ट नगरी अभियोग दाबी भएको र सोहीबमोजिम नै फैसला भएको भनी जिकिर लिएको देखिन्छ । यसमा घटना कसरी कुन मितिमा भएको भन्ने कुरा प्रतिवादीकै अनुसन्धानको क्रममा भएको बयान तथा पीडितको कागज तथा बकपत्र र जाहेरी दरखास्तबाट प्रस्ट भइरहेको हुँदा त्यसतर्फ थप विवेचना गर्नुपर्ने देखिँदैन । त्यसैगरी घटना मन्जुरीले भएको वा बेमन्जुरीले भएको भन्नेतर्फको विषयमा पीडितको उमेर १५ वर्षको भन्ने देखिएको र उमेर प्रतिवादीले अदालतको बयानमा जिकिर लिएजस्तो १६ वर्ष कटिसकेको भन्ने नदेखिएको हुँदा निज पीडित कानूनले तोकेको नाबालक उमेरकी भएको देखिँदा र नाबालकसँग लिएको मन्जुरी कानूनी रूपले मान्यता नपाउने हुँदा प्रतिवादीले उठाएको मन्जुरी वा बेमन्जुरीको विषय निज नाबालक पीडितको हकमा सान्दर्भिक नदेखिने ।

पीडितले प्रतिवादीलाई किटान गरी गरेको मौकाको कागज तथा अदालतको बकपत्र, प्रतिवादीलाई किटान गरी दिएको जाहेरी दरखास्त, पीडितलाई ललाई फकाई गरी करणी गरेको हो भन्नेसम्म स्वीकार गरी प्रतिवादीले गरेको मौकाको बयान, पीडित इनर्वा (ठ) को Hymen absent भन्ने उल्लेख भएको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा पीडितको गर्भ आफूले निजको मन्जुरीमा पतन गराएको हो भनी डा. नविन सर्राफले अदालतमा गरिदिएको बकपत्रसमेतले यी प्रतिवादीले १५ वर्षकी पीडित इनर्वा (ठ) लाई जबरजस्ती करणी गरेको र निजकै जबरजस्ती करणीको कारणबाट पीडित इनर्वा (ठ) मा गर्भसमेत रहेको र निजको गर्भसमेत पतन गराइएको भन्ने पुष्टि हुन आएको छ । प्रतिवादीले पीडितको मन्जुरीमा करणी गरेको भनी लिएको जिकिर नाबालक पीडितको हकमा लागु हुने अवस्था रहेन । त्यसैगरी पीडितको उमेर १६ वर्ष पुगेको भनी मान्ने हो भने पनि पीडितको मौकाको कागज तथा अदालतको बकपत्रलगायत विवेचित

प्रमाणहरूले मन्जुरीमा करणी लिनु दिनु भएको भन्ने नदेखिई निज पीडितमाथि जबरजस्ती करणी भएको भन्ने देखिन आउँछ । सो हुँदा यी प्रतिवादीलाई जबरजस्ती करणीको कसुरमा कसुरदार ठहर गरी सजाय गरेको सुरू फैसला सदर गरेको उच्च अदालतको फैसला मिलेकै देखिन्छ। प्रमाण नबुझी तल्लो तहका अदालतहरूबाट फैसला भएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी अनिलकुमार पटेलले पीडित इनर्वा (ठ) लाई जबरजस्ती करणी गरेको पुष्टि भई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(३) नं. बमोजिमको कसुरमा सोही ऐन महलको ३(३) नं. बमोजिम ६ वर्ष कैद हुने र सोही महलको १० नं. बमोजिम पीडितले प्रतिवादीबाट रू.४०,०००।- भराई पाउने ठहरी भएको सुरू पर्सा जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७४।१।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति सवंत् २०७७ साल आश्विन ६ गते रोज ३ शुभम्।**

**१०**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री कुमार रेग्मी,** *०७५-CR-१८८८, ०७५-CR-२३७८, कर्तव्य ज्यान, नेपाल सरकार वि. राजेशकुमार खड्कासमेत, रामबहादुर तामाङ वि. नेपाल सरकार*

प्रतिवादी रामबहादुर तामाङले आफूले कसुर स्वीकार गरी न्यायिक प्रक्रियामा सहयोग गरेकाले कम सजाय गरिपाउँ भनी लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, निजले अदालतसमक्ष बयान गर्दा घटना घट्नुभन्दा ४/५ दिन अगाडि डिकबहादुरले मसँग रू.१७,०००।– सापटी लिएको थियो । तीन चार दिनसम्म पनि फिर्ता नगरेकोले पैसा किन फिर्ता नदिएकोभन्दा अहिले छैन भरे बेलुकी घरमा आउनु त्यहीँ दिउँला भनेँ। बेलुकी बिर्तामोडको एक होटलमा बसी अलिकति रक्सी मासु खाई करिब १० बजेतिर मोटरसाइकल लिएर डिकबहादुर बस्ने गरेको घर जाँदा ऊ घर बाहिरपट्टिको कोठामा सुतिरहेको रहेछ। म पुगेपछि उसले अहिले यहाँ पैसा भएन, पैसा दिदीकोमा छ, दिदीको घर दुर्गापुर जाउँ भन्यो । ऊसँग भएको नाइट्रोसन ट्याब्लेट उसले ५ चक्की र मैले पनि ५ चक्की खाई मेरो मोटरसाइकलमा दुर्गापुरतर्फ गयौं । बिरिङ खोलाको पुलमा पुगेपछि गाडी रोकी चुरोट खाँदै गर्दा सापटी फिर्ता नगरेको विषयमा भनाभन भयो । उसले मलाई एक्कासी घोक्र्यायो अनि मलाई मेरो पैसा पनि लाने, समयमा नबुझाउने, रातिराति लिन आइज भनी झुलाउने अनि उल्टै मलाई घोक्राउने भनी रिस उठी मसँगै रहेको खुकुरी निकाली निज डिकबहादुरको घाँटीको अगाडि भागमा हानेको थिएँ । त्यसपछि ऊ त्यहाँबाट भाग्यो, अनि म खेद्दै जाँदा ऊ लड्यो, अनि मैले त्यहाँ पनि उसलाई दुई पटक खुकुरीले हानेँ, अनि ऊ मरे जस्तो लागी उसलाई त्यहीँ छोडी आफ्नो मोटरसाइकल लिएर घर जान भनी बिर्तामोडतिर आई भिनाजु दिपक तामाङको घरमा मोटरसाइकल राखी घर नगई इन्डियातिर गई भारतको सिलगुडी पुगेँ र बेलुकी फेरि सिलगुडीबाट काँकडभिट्टा फर्किई मैले चिनेको साथीको घरमा आई सुतेकोमा प्रहरी आई मलाई पक्राउ गरेको हो। मैले डिकबहादुरलाई प्रहार गरेको खुकुरी लक्ष्मीपुरदेखि पूर्वपट्टि खोलामा

फाली गएको थिएँ भनी आरोपित कसुरमा साबिती रहेको पाइन्छ । मृतकसँग पैसा नदिएको विषयमा रिस रहेको, मृतकलाई मोटरसाइकलमा सँगै राखी लगी लागु पदार्थ र रक्सीसमेत खाई सँगै लगेको खुकुरीले लेखेटी लखेटी पटकपटक प्रहार गरी अब मरे होला भनी छाडेको अवस्था हुँदा निजले मार्ने मनसाय राखी नियोजित रूपमा कर्तव्य गरेको भन्ने निजको बयानबाट समेत देखिन्छ । यस अवस्थामा तत्काल उठेको रिस थाम्न नसकी उक्त वारदात हुन पुगेको भन्ने र कसुर स्वीकार गरेको भन्ने आधारमा मात्र निजलाई कम सजाय हुने अवस्था प्रस्तुत मुद्दाको वारदातको प्रकृतिबाट समेत नदेखिँदा कम सजाय गरिपाउँ भन्ने निज प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी रामबहादुर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसारको कसुरमा सोही नम्बरअनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने र प्रतिवादी राजेशकुमार खड्का र प्रतिवादी दिपक तामाङलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू झापा जिल्ला अदालतको मिति २०७३।५।२९ को फैसलालाई सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७५।७।११ को फैसला मिलेकै देखिँदा सदर हुने । वादी नेपाल सरकार र प्रतिवादी रामबहादुर तामाङको पुनरावेदन जिकिर पुग्न नसक्ने । साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा २(ख) मा "**कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएकोभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ**" भन्ने कानूनी व्यवस्था भएको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वसहित जन्मकैदको कानूनी व्यवस्था नभएको र ऐ. को दफा १७७ (२) मा ज्यान मर्ने कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय मात्र हुने भन्ने कानूनी व्यवस्था रहे भएको देखिँदा प्रस्तुत मुद्दामा प्रतिवादी रामबहादुर तामाङको हकमा सर्वस्व हुने अवस्था नदेखिने ।

इजलास अधिकृत : कुबेर पाण्डे

कम्प्युटर : कृष्णमाया खतिवडा

**इति संवत् २०७६ साल कार्तिक ३ गते रोज १ शुभम् ।**

**११**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७६-CR-०६८७, जबरजस्ती करणी, नेपाल सरकार वि. अनिलप्रसाद चौहान*

जाहेरवाला र पीडितले अदालतमा आई बकपत्र गर्दा जाहेरी दरखास्त तथा मौकामा लेखाएको कागज बेहोरा प्रतिकूल बकपत्र गरेको देखियो । प्रतिवादी वारदात गराएकोमा इन्कार रहेको पाइयो भने जबरजस्ती करणीको मुद्दामा मूल कडी भनेको पीडितको भनाइ हो भनी सिद्धान्त प्रतिपादन भए पनि तिनलाई अन्य स्वतन्त्र प्रमाणले पुष्टि गरेको हुनुपर्नेमा प्रस्तुत मुद्दामा अदालतमा आई बकपत्र गर्दा पीडित स्वयंले आफूमाथि जबरजस्ती करणी भएको कुरालाई इन्कार गरी उक्त दिन प्रतिवादीसँग भेट नभएको भनी बकपत्र गरेको देखिन्छ । आफूलाई जबरजस्ती करणी गरी योनिमा वीर्य स्खलन गरेको भनी मौकामा बेहोरा लेखाउने पीडितको घटना लगत्तै गरिएको स्वास्थ्य जाँचबाट निजको यौनाङ्ग तथा कपडासमेतमा वीर्य भेटिएको छैन । पीडितको Perineum, Vulva, Perianal area and anal orifice, Oral cavity लगायत

normal देखिएको तथा Vagina bleeding (Menstruation) admits ३ fingers easily उल्लेख भएको अवस्थामा पीडित स्वयंले वारदात भएको भनेको दिनमा महिनावारी भएको तेस्रो दिन भएको थियो भनी लेखाएको अवस्था छ। यसबाट घटना लगत्तै गरिएको स्वास्थ्य जाँचबाट पीडितको यौनाङ्गमा वीर्य नपाइनु तथा पीडितको शरीर तथा यौनाङ्गमा कुनै चोटपटक वा सङ्घर्षका चिह्नहरू नपाइएको अवस्थामा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भनी यी जाहेरवाला तथा पीडितले मौकामा दाबी लिए पनि अदालतमा आई खण्डन गरेको तथा स्वास्थ्य जाँच प्रतिवेदनले पनि अभियोग दाबीलाई मद्दत नगरेको अवस्थामा मौकाको भनाइलाई मात्र आधार मानी यी प्रतिवादी विरूद्ध जबरजस्ती करणीको कसुरमा लिइएको अभियोग दाबी स्थापित हुन नआउने।

वारदात गराएकोमा प्रतिवादी मौकामा साबित रहे पनि अदालतमा आई बयान गर्दा आरोपित कसुरमा इन्कार रहेको, पीडित तथा जाहेरवालाले अदालतमा बकपत्र गर्दा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी नगरेको भनी उल्लेख गरेको, पीडितको स्वास्थ्य परीक्षणबाट जबरजस्ती करणी भएको भन्ने दाबी खण्डित हुन गई अभियोग दाबी पुष्टि हुन नसकेको अवस्थामा समेत प्रतिवादी अनिलप्रसाद चौहानलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको ३(४) नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने र ऐजन ऐन महलको १० नं. बमोजिम पीडितले प्रतिवादीबाट रू.१५,०००।– (पन्ध्र हजार) क्षतिपूर्ति भराई पाउने ठहर गरी सुरू पर्सा जिल्ला अदालतबाट मिति २०७५।९।२ मा भएको फैसला बदर गरी निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याई उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जबाट मिति २०७६।०२।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुभाषचन्द्र दाहाल
कम्प्युटर : कृष्णमाया खतिवडा
**इति संवत् २०७७ साल आषाढ ५ गते रोज ६ शुभम्।**

## इजलास नं.२

### १२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७३-CR-०४०६, लागु औषध, कल्लु भन्ने समिम अन्सारी वि. नेपाल सरकार*

कल्लु मुसलमान भन्ने समिम मिया अन्सारी प्रस्तुत मुद्दामा प्रतिवादी भए तापनि प्र.ना.नि. नरपति भट्टको जाहेरी प्रतिवेदनले चलेको लागु औषध मुद्दामा यी प्रतिवादीउपरको अभियोग प्रमाणित हुन नसकी प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाइसकेको तथा प्रस्तुत मुद्दामा यी प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ बमोजिम थप सजाय गरिपाउँ भन्ने अभियोग दाबी नै नभएको र सुरू जिल्ला अदालतको फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट परेको पुनरावदेनमा समेत सो थप सजायको सम्बन्धमा जिल्ला अदालतले नबोलेको भन्ने जिकिरसमेत नलिइएको अवस्थामा मुद्दाको विषयवस्तु र तथ्यको विपरीत वादी नेपाल सरकारको तर्फबाट प्रतिवादीउपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ बमोजिमको थप सजायको दाबी नै नभएकोमा दाबी भएको भनी प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन,

२०३३ को दफा १६ बमोजिम १ (एक) वर्ष कैद र रू.५,०००।- (पाँच हजार रूपैयाँ) जरिवानाको थप सजाय गर्ने गरी पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसलामा गम्भीर कानूनी त्रूटि रहेको देखिन आउने।

पुनरावेदक प्रतिवादी कल्लु भन्ने समिम अन्सारीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(ङ)(च) को कसुरमा सोही ऐनको दफा १४(१)(छ)(१) अनुसार ५(पाँच) वर्ष कैद र रू.५,०००।- (पाँच हजार रूपैयाँ) जरिवाना तथा सोही ऐनको दफा १६ अनुसार १(एक) वर्ष कैद र रू.५,०००।- (पाँच हजार रूपैयाँ) थप सजाय हुने ठहरी पुनरावेदन अदालत नेपालगन्जबाट भएको फैसलामा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ बमोजिम यी प्रतिवादीलाई १(एक) वर्ष कैद र रू.५,०००।- (पाँच हजार रूपैयाँ) जरिवाना थप सजाय गर्ने ठहर गरेको हदसम्म त्रुटिपूर्ण रही नमिलेकोले सो हदसम्म केही उल्टी भई निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) अनुसार ५(पाँच) वर्ष कैद र रू.५,०००।- (पाँच हजार रूपैयाँ) जरिवानाको सजाय गर्ने गरी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७२।९।१९।१ मा भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रामानन्दप्रसाद अधिकारी
कम्प्युटर : समी नेपाली

**इति संवत् २०७६ साल फागुन ६ गते रोज ३ शुभम्।**

- यसै लगाउको ०७६-WH-०२३०, बन्दीप्रत्यक्षीकरण, कल्लु भन्ने समिम अन्सारी वि. उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलास, बाँकेसमेत भएको मुद्दामा समेत यसैअनुसार फैसला भएको छ।

१३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७०-CR-०१२७, कर्तव्य ज्यान, नेपाल सरकार वि. देवेन्द्र विष्टसमेत*

प्रस्तुत मुद्दामा प्रतिवादी देवेन्द्र विष्ट र बद्री ठकुरीले मृतकलाई थप्पडसम्म हिर्काएको कुरा यी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा लेखाइदिएको र प्रतिवादी अरूण लामाले पनि सोही बेहोरा अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष समेतको बयानमा खुलाई दिएको भन्ने आधारमा प्रतिवादी देवेन्द्र विष्ट र बद्री ठकुरीले मृतकलाई कुटपिट गरेको निष्कर्षमा सुरू अदालत पुगेको र त्यसलाई पुनरावेदन अदालतले पनि स्वीकारेको देखिन्छ। पुनरावेदन अदालतसमेतबाट भएको फैसलालाई प्रतिवादी देवेन्द्र विष्ट र बद्री ठकुरीसमेतले स्वीकार गरी बसेबाट मृतकलाई थप्पड हिर्काई कुटपिट गरेको कार्यमा यी प्रतिवादीहरू संलग्न रहेको तथ्यमा विवाद देखिँदैन।

प्रतिवादीहरूको बयानबाट मृतक र प्रतिवादीहरू ठाउँ ठाउँमा रक्सी खाई अन्तिममा प्रतिवादी शालीग्राम दाहालको होटलमा बसेर रक्सी र बियर खाएपछि प्रतिवादी देवेन्द्र विष्टले खाएको बियरको पैसा तिर्ने कुरामा मृतक र प्रतिवादीहरूबिच वादविवाद हुँदा प्रतिवादीहरूले मृतकलाई थप्पडसम्म हिर्काएको देखिएको, सो थप्पडको कारण मृतकको मृत्यु हुन सक्ने अवस्था नदेखिएकोमा मृतक पसलको सटरमा र रोडमा ठोकिन गई भवितव्य भई मृतक बिमल पाण्डेको मृत्यु हुन गएको देखिँदा प्रस्तुत वारदातको सम्बन्धमा ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित नभई सोही महलको ५ नं. नै आकर्षित हुने देखिएकोले

प्रतिवादीहरू देवेन्द्र विष्ट, बद्री ठकुरी र अरूण लामालाई ज्यानसम्बन्धी महलको ६(४) नं. बमोजिम सजाय हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनले गरेको फैसला मिलेकै नदेखिने।

प्रतिवादीमध्येको शालीग्राम दाहालको हकमा विचार गर्दा, निजउपर ज्यानसम्बन्धी महलको १७(३) नं. को अभियोग लगाई सोही नं.को सजायको मागदाबी लिएको देखिन्छ । ज्यानसम्बन्धी महलको १३ नं. बमोजिम सजाय हुने अवस्था भए मात्र ज्यान मार्नलाई मत सल्लाहमा पसेको मतलबीलाई ज्यानसम्बन्धी महलको १७ नं. बमोजिम सजाय हुन्छ । तर ज्यानसम्बन्धी महलको ६(४) नं. बमोजिम सजाय हुनेमा मार्ने मत सल्लाहमा पसेको मतलबी भनी दाबी गरिएको व्यक्तिलाई १७ नं. बमोजिम सजाय गर्न नमिल्ने हुँदा यी प्रतिवादी शालीग्राम दाहाललाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसलासमेत मिलेकै देखिने।

प्रतिवादीहरू देवेन्द्र विष्ट, निरन भन्ने बद्री ठकुरी र अरूण लामालाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(४) नं. बमोजिम क्रमशः २ (दुई) वर्ष, १ (एक) वर्ष ६ (छ) महिना र १ (एक) वर्ष कैद सजाय हुने र प्रतिवादी शालीग्राम दाहालले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।०९।०८ मा गरेको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।०७।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतहरू : रामानन्दप्रसाद अधिकारी र भगवती शर्मा ढुङ्गाना

कम्प्युटर : समी नेपाली

**इति संवत् २०७६ साल फागुन ५ गते रोज २ शुभम्।**

## इजलास नं.३

### १४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७७-WH-०१२१, बन्दीप्रत्यक्षीकरण, नन्दुराम आचार्य वि. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(१) हेर्दा थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबिस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नुपर्ने देखिएमा निजलाई मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने छ। ऐ. ऐनको दफा १४(४) बमोजिम मुद्दा हेर्ने अधिकारीसँग अनुमति माग्दा थुनामा परेको व्यक्तिउपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नुपर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको बेहोरा स्पष्टरूपमा उल्लेख गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको छ भने **दफा १४(६) बमोजिम थुनामा राख्ने अनुमति मागेमा अदालतले सम्बन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनकरूपमा भए वा नभएको विचार गरी सन्तोषजनकरूपमा तहकिकात भइरहेको देखिएमा एकै पटक वा पटकपटक गरी बढीमा पच्चिस दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्ने छ भन्ने व्यवस्था रहेको**

**छ ।** उक्त कानूनी व्यवस्थाअनुसार अदालतसँग अनुमति माग्दा थुना परेको व्यक्तिउपरको अभियोग, त्यसको आधार र थुनामै राखेर तहकिकात गर्नुपर्ने कारण उल्लेख गरेर मात्र अनुमति माग गर्नुपर्ने, त्यस्तो अवस्था स्पष्ट उल्लेख गरी अनुमति माग भएकोमा अदालतले सम्बन्धित सबै कागजातहरू हेरी पेस भएका कागजातको उचित र न्यायिक मूल्याङ्कन गरेर अनुसन्धान सन्तोषजनक भए नभएको विचार गरी सन्तोषजनकरूपमा अनुसन्धान भइरहेको भन्ने कुरामा अदालत सन्तुष्ट भएमा मात्र थुनामा राख्ने अनुमति दिनसक्ने देखिन्छ। यसै सन्दर्भमा **"थुनामा राखी अनुसन्धान गर्नुपर्ने विश्वास गर्न सक्ने आधार आदेश गर्ने अधिकारीको आत्मगत सन्तुष्टिको विषय नभई आदेशबाट असर पर्ने पक्षले समेत बुझ्न र सन्तुष्ट हुनसक्ने गरी बोलिएको आदेश (Speaking order) रहनु आवश्यक हुन्छ । कानूनी एवं तथ्यगत आधार र कारण नखुलेको आदेशलाई कानूनअनुरूपको आदेशको संज्ञा दिन मिल्ने देखिएन"** भनी ठाकुर गैर विरूद्ध गृह मन्त्रालयसमेत (ने.का.प. २०६३, अङ्क ३, नि.नं.७६७२) भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा यस अदालतबाट व्याख्या भई सिद्धान्त प्रतिपादन भएको देखिन्छ । साथै, कनकमणि दीक्षितको हकमा निजकी पत्नी शान्ता दीक्षित विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं (ने.का.प. २०७४, अङ्क १, नि.नं.९७४४) को मुद्दामा "**थुनामा राखी अनुसन्धान गर्नुपर्ने कुनै सन्तोषजनक आधार नभएको वा थुनामा नै राखी अनुसन्धान गर्ने आधार र कारण भएको प्रथम दृष्टिमा नदेखिएको अवस्थामा अनुमति माग गर्नु र यस्तो अवस्थामा अदालतले पनि थुनामा राखी अनुसन्धान गर्नुपर्ने पर्याप्त आधारविना म्याद थपको अनुमति माग गरेकै कारणले आदेशमा तथ्यगत आधार र कारण नखुलाई थुनामा राख्ने अनुमति दिनु मनासिब एवं कानूनसङ्गत नहुने**" भनी सिद्धान्त प्रतिपादन भएको छ। प्रस्तुत व्याख्याहरू यस रिट निवेदनका सन्दर्भमा पनि आकर्षित र सान्दर्भिक देखिन आउँछ। रिट निवेदक नन्दुराज आचार्यलाई हिरासतमा राख्नका निम्ति चार पटक म्याद थपका लागि अनुमति माग भएकोमा एक कानून व्यवसायीको हैसियतले मध्यस्थताको कार्य गर्ने सिलसिलामा भएको व्यवहारसमेतको विषयमा परेको जाहेरी दरखास्तका आधारमा पक्राउ परेका यी निवेदकलाई थुनामै राखेर अनुसन्धान गर्नुपर्ने कारणसहित म्याद थप मागेको नदेखिएको स्थितिमा काठमाडौं जिल्ला अदालतबाट निजलाई आपराधिक लाभ (एक्सटर्सन) लिन नहुने कसुर मुद्दामा अनुसन्धान सन्तोषजनक रूपमा भए वा नभएको र थुनामै राख्नुपर्ने कारणसमेत भए नभएको भन्ने सम्बन्धमा विवेचना नगरी पटकपटक म्याद थपिदिएको देखिन आयो। निवेदक नन्दुराज आचार्यलाई थुनामा राखी अनुसन्धान गर्नुपर्ने विश्वास गर्न सक्ने आधार रहेको वस्तुनिष्ठ आधारहरू आदेशमा उल्लेख नगरी म्याद थप गरेको देखिन आएकोले उक्त आदेशलाई कानूनअनुरूपको आदेशको रूपमा मान्न मिल्ने नदेखिने।

काठमाडौं जिल्ला अदालतबाट अनुसन्धान सन्तोषजनक भए नभएको र थुनामै राख्नुपर्ने कारणसमेतको विवेचना नगरी म्याद थप भएको देखिँदा निवेदकलाई आजै थुनामुक्त गरिदिनू भनी विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको

आदेश जारी हुने ।

इजलास अधिकृत: नवीनकुमार यादव

कम्प्युटर : चन्दनकुमार मण्डल

**इति संवत् २०७७ साल मङ्सिर १२ गते रोज ६ शुभम् ।**

**१५**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७७-WH-०२१५, बन्दीप्रत्यक्षीकरण, सुमन श्रेष्ठ वि. जिल्ला प्रहरी कार्यालय, भरतपुर, चितवन*

एउटै कार्यको लागि पटकपटक म्याद थप माग गर्ने र मुद्दा हेर्ने अधिकारीले म्याद थप गर्ने कार्य कानूनको उद्देश्यअनुरूप सम्पन्न भएको मान्न मिल्ने देखिएन । यस सम्बन्धमा कनकमणि दीक्षितको हकमा निजकी पत्नी ऐ.ऐ.बस्ने शान्ता दीक्षित विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं भएको ०७२–WH–००५१ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा सर्वोच्च अदालतबाट **"अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदकलाई पक्राउ गरी थुनामा राखी अनुसन्धान तहकिकात गर्न अनुमतिको माग गरेकोमा विशेष अदालतबाट ऐनको दफा १६(४) बमोजिम अनुसन्धान तहकिकात सन्तोषजनकरूपमा भएको वा नभएको वा अनुसन्धान तहकिकात गर्दा कानूनले निर्धारण गरेको प्रक्रिया पुऱ्याए नपुऱ्याएको तथ्य विचार गरी सोको आधार र कारण खुलाई थुनामा राखी अनुसन्धान तहकिकात गर्न अनुमति दिनुपर्नेमा सो प्रक्रिया अवलम्बन गरेको देखिँदैन"** भनी प्रतिपादित सिद्धान्तसमेतको विपरीत देखिन आउने ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) अनुसार **हिरासतमा राख्ने अनुमति माग गरेकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी अनुसन्धान सन्तोषजनक रूपमा भएको वा नभएको विचार गरी, आवश्यक देखिए ...अनुसन्धानका लागि हिरासतमा राखी राख्न आवश्यक भएको देखिएमा एकै पटक वा पटकपटक गरी बढीमा पच्चिस दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्ने** व्यवस्था रहेकोमा जिल्ला प्रशासन कार्यालय, चितवनले म्याद थप गर्दा अनुसन्धान सन्तोषजनक रहे नरहेको र अनुसन्धानका लागि हिरासतमा राखिराख्न आवश्यक छ या छैन भन्ने विवेचना नगरी म्याद थप गर्न मनासिब भएको भन्ने मात्र उल्लेख गरेको देखिँदा र अन्य कुनै तथ्यमा अर्को मुद्दा लगाउने, थुना राख्ने कार्य प्रवृत्त भावनाका साथ गरिएको देखिने ।

औचित्यपूर्ण आधार र कारणविना निवेदकलाई थुनामा राखिरहने प्रयोजनका लागि अनुसन्धानको क्रममा भनी थुनामा राख्ने कार्य न्यायिक दृष्टिकोणबाट समेत उपयुक्त नदेखिएकोले निवेदक सुमन श्रेष्ठको हकमा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर : चन्दनकुमार मण्डल

**इति संवत् २०७७ साल माघ २६ गते रोज २ शुभम् ।**

**१६**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७७-WH-०२१८, बन्दीप्रत्यक्षीकरण, कमान किरण नकालसमेत वि. जिल्ला प्रहरी कार्यालय, बागलुङसमेत*

एउटै कार्यको लागि पटकपटक म्याद थप माग गर्ने र मुद्दा हेर्ने अधिकारीले म्याद थप गर्ने कार्य कानूनको उद्देश्यअनुरूप सम्पन्न भएको मान्न मिल्ने

देखिएन । यस सम्बन्धमा कनकमणि दीक्षितको हकमा निजकी पत्नी ऐ.ऐ.बस्ने शान्ता दीक्षित विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं भएको ०७२–WH–००५१ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा सर्वोच्च अदालतबाट **"अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदकलाई पक्राउ गरी थुनामा राखी अनुसन्धान तहकिकात गर्न अनुमतिको माग गरेकोमा विशेष अदालतबाट ऐनको दफा १६(४) बमोजिम अनुसन्धान तहकिकात सन्तोषजनकरूपमा भएको वा नभएको वा अनुसन्धान तहकिकात गर्दा कानूनले निर्धारण गरेको प्रक्रिया पुऱ्याए नपुऱ्याएको तथ्य विचार गरी सोको आधार र कारण खुलाई थुनामा राखी अनुसन्धान तहकिकात गर्न अनुमति दिनुपर्नेमा सो प्रक्रिया अवलम्बन गरेको देखिँदैन"** भनी प्रतिपादित सिद्धान्तसमेतको विपरीत देखिन आउने।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) अनुसार **हिरासतमा राख्ने अनुमति माग गरेकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी अनुसन्धान सन्तोषजनक रूपमा भएको वा नभएको विचार गरी, आवश्यक देखिए ...अनुसन्धानका लागि हिरासतमा राखी राख्न आवश्यक भएको देखिएमा एकै पटक वा पटकपटक गरी बढीमा पच्चिस दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्ने** व्यवस्था रहेकोमा जिल्ला प्रशासन कार्यालय, बागलुङको लिखित जवाफमा जिल्ला सरकारी वकिल कार्यालय, बागलुङमार्फत जिल्ला प्रहरी कार्यालयको च.नं.२८४७ मिति २०७७।१०।११ को पत्रबाट लेखी आएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) बमोजिम म्याद थप गरिएको अनुमति दिइएको भनी उल्लेख भएको हुँदा जिल्ला प्रशासन कार्यालय, बागलुङले म्याद थप गर्दा अनुसन्धान सन्तोषजनक रहे नरहेको र अनुसन्धानका लागि हिरासतमा राखी राख्न आवश्यक छ या छैन भन्ने विवेचना नगरी म्याद थप गर्न मनासिब भएको भन्ने मात्र उल्लेख गरेको देखिँदा र अन्य कुनै तथ्यमा अर्को मुद्दा लगाउने, थुना राख्ने कार्य प्रवृत्त भावनाका साथ गरिएको देखिने।

औचित्यपूर्ण आधार र कारणबिना निवेदकलाई थुनामा राखिरहने प्रयोजनका लागि अनुसन्धानको क्रममा भनी थुनामा राख्ने कार्य न्यायिक दृष्टिकोणबाट समेत उपयुक्त नदेखिएकोले निवेदक कमान किरण नकाल र बाबुलाल शाक्यको हकमा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर : चन्दनकुमार मण्डल

**इति संवत् २०७७ साल माघ २६ गते रोज २ शुभम्।**

## इजलास नं.४

१७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०७२-CR-०२९१, जुवा, नेपाल सरकार वि. गोपालबहादुर जि.सी. समेत*

प्रतिवादीहरू गोपालबहादुर जि.सी., तेजबहादुर छन्त्याल र गणेशबहादुर रोकाले अन्य प्रतिवादीहरूले रमी तास खेलेको स्थानमा उपस्थित भई सो जुवा तास खेलेको हेरिरहेको भन्ने पुष्टि हुन आएको छ । साथै, निजहरूले आफैँ

जुवा तास खेलेको वा जुवाको खाल थाप्ने वा जुवा खेल्न सरसापटी दिएको भन्ने पुष्टि हुन नआएको हुँदा निजहरूबाट बरामद भएको रकम जुवा खेल्न उपयोग भएको मान्न मिल्ने स्थिति देखिँदैन। तसर्थ, प्रतिवादीहरू गोपालबहादुर जि.सी., तेजबहादुर छन्त्याल र गणेशबहादुर रोकालाई उल्लिखित जुवा ऐन, २०२० को दफा ४ बमोजिम जनही रू.५०।- जरिवाना हुने देखियो। निजहरूबाट बरामद भएको रकम जुवा खेल्नमा उपयोग भएको भन्ने अवस्था देखिन नआएकाले सो रकम जफत गर्न नमिल्ने भई फिर्ता हुने देखिन आएको हुँदा तत्कालीन पुनरावेदन अदालत बागलुङबाट निज प्रतिवादीहरूको हकमा भएको फैसलामा परिवर्तन गरिरहनुपर्ने अवस्था नदेखिने।

प्रतिवादीहरू गोपालबहादुर जि.सी., गणेशबहादुर रोका र तेजबहादुर छन्त्याललाई जुवा ऐन, २०२० को दफा ४ बमोजिम जनही रू.५०।– जरिवाना हुने र निजहरूबाट बरामद भएको रकम फिर्ता हुने गरी बागलुङ जिल्ला अदालतबाट भएको फैसला सदर गरी तत्कालीन पुनरावेदन अदालत बाग्लुङबाट मिति २०७१।७।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। निज प्रतिवादीहरू गोपालबहादुर जि.सी., गणेशबहादुर रोका र तेजबहादुर छन्त्यालसमेतलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : दिपेन्द्र थापा मगर

कम्प्युटरः राधिका घोरासाइने

**इति संवत् २०७६ साल माघ २४ गते रोज ६ शुभम्।**

**१८**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७४-CR-०५३५, ठगी, उमादेवी थापा वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा प्रतिवादीले आफूखुसी दुईवटा कलेक्सन सिट बनाई संस्थालाई थोरै रकम विवरण भएको कलेक्सन सिट मात्र पेस गरेबाट नै निजको आपराधिक मनसाय रहेको देखिन्छ। यसरी आफू कार्यरत संस्थालाई नै धोका दिई बचतकर्ताको रकम निजी प्रयोजनमा प्रयोग गरेको आपराधिक कार्य कुनै संस्थागत प्रक्रिया नभएकोले निजको उक्त कार्यलाई ठगीबाहेक अन्य सन्दर्भमा हेर्न मिल्ने देखिएन। प्रतिवादीले ठगी गरेको तथ्य पुष्टि हुन आएकोले ठगीतर्फ सफाइ हुनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

जाहेरवालाले जाहेरीमा प्रतिवादीले संस्थाको रू.१६,५३,१८३।– रकम ठगी गरेको भनी उल्लेख गरी अदालतमा बकपत्रसमेत गरेको देखिन्छ। प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा समेत बयान गर्दा रू.१३,२८,२८६।– रकम मात्र निजी प्रयोजनमा प्रयोग गरेको भन्ने उल्लेख गरेको देखिन्छ। मिसिल संलग्न रहेको हाम्रो सगरमाथा सहकारी संस्थामा बचतकर्ताहरूले दिएको रकम दिलाइपाउँ भन्ने निवेदन तथा निजहरूको पासबुकमा उल्लेख भएको रकमसमेतका आधारमा जाहेरी तथा अभियोगपत्रमा उल्लेख भएको हिनामिना रकम रू.१६,५३,१८३।– लाई नै समर्थन गरिरहेको हुनाले निज प्रतिवादीले सोही रकम रू.१६,५३,१८३।– नै ठगी गरेको पुष्टि हुन आएको।

प्रतिवादी उमादेवी थापालाई मुलुकी ऐन, ठगीको महलको ४ नं. बमोजिम ४ वर्ष कैद सजाय र बिगो रू.१६,५३,१८३।– तथा सो बिगोबमोजिमकै जरिवानासमेत ठहर गरेको सुरू काठमाडौं जिल्ला

अदालतको फैसलालाई सदर गरी उच्च अदालत पाटनबाट मिति २०७३।०८।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । साथै, पुनरावेदक प्रतिवादी उमादेवी थापालाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा ३(ग) तथा "केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४" को दफा ३९ को उपदफा (२)(ख) बमोजिम ४ वर्ष कैद सजाय र रू.७०,०००।– मात्र जरिवाना हुने ।

इजलास अधिकृत : मनिता गुरूङ

कम्प्युटर : देवीमाया खतिवडा (देविना)

**इति संवत् २०७७ साल असार १६ गते रोज ३ शुभम् ।**

**१९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७२-CR-०४२५, ०४३५, ०५१५, ०९२७, १०४२, १२४२, कर्तव्य ज्यान, भिमबहादुर बुढा वि. नेपाल सरकार, कमलबहादुर योञ्जन वि. नेपाल सरकार, प्रेमसिंह भण्डारी वि. नेपाल सरकार, बलराम रोकाया वि. नेपाल सरकार, रोशन थापा वि. नेपाल सरकार, नेपाल सरकार वि. बुद्दे बुढासमेत

घटनास्थलबाट बरामद भएका सामग्रीहरू जो अपराध गर्दा प्रयोग भएको हुन्छन् र कसुरदारसँग सम्बन्धित चिजवस्तु हुन्छन् ती वस्तुगत प्रमाणहरू हुन् । व्यक्तिले झुट्टो बोलेपनि अपराध घटनाको स्थान (Crime Scene) मा फेला परेको, देखिएको हरेक वस्तुहरूको अपराधी पत्ता लगाउन महत्त्वपूर्ण भूमिका हुने । घटनास्थलमा प्रतिवादीहरू भिमबहादुर बुढा र प्रेमसिंह भण्डारीले लगाएका चप्पलहरू फेला परेका छन् । ३ वटा लाठी दाउरा बरामद भएको छ । सहप्रतिवादीहरू प्रेमसिंह भण्डारी, कमलबहादुर योञ्जन र मैले मृतकहरूलाई लाठी दाउराले टाउकोमा प्रहार गरी मारेका हौं भनी प्रतिवादीमध्येका भिमबहादुर बुढाले अदालतमा आई गरेको बयानमा समेत पोल गरेको स्थिति छ । निज प्रतिवादी भिमबहादुर बुढाले गरेको पोल बयान स्वतन्त्र वस्तुगत प्रमाणबाट पुष्टि भएको हुँदा सो पोल बयानको पनि प्रामाणिक महत्त्व रहेको पाइन्छ । प्रतिवादी प्रेमसिंह भण्डारी, कमलबहादुर योञ्जन सैनिक सेवामा रहेका र मृतकहरू प्रहरी कर्मचारीहरू रहेको तथ्य छ । बेलुका कार्मा होटलमा लोग्ने स्वास्नीबिचको विवादलाई लिएर सेना र प्रहरी कर्मचारीको विवाद भएको र सोही विवादको जरियाबाट मृतकहरूलाई कुटपिट गरेको भन्ने प्रत्यक्ष घटना देख्ने कार्मा लामाले बकपत्र गरेको पाइन्छ । मृतकहरूको टाउको तथा शरीरको अन्य भागहरूमा लाठी दाउराको प्रहारबाट गम्भीर चोटहरू रहेको र सोही कारणबाट निजहरूको मृत्यु भएको पोस्टमार्टम रिपोर्टबाट देखिन आएको छ । उपर्युक्त विवेचना गरिएको प्रमाणहरूबाट यी प्रतिवादी भिमबहादुर बुढा, प्रेमसिंह भण्डारी र कमलबहादुर योञ्जनले मृतकहरूलाई दाउराको लाठीले प्रहार गरी सोही चोटबाट मृतकहरू कमल भण्डारी र झमन रेउलेको मृत्यु भएको तथ्य पुष्टि भएको ।

प्रस्तुत मुद्दामा प्रतिवादीहरू भिमबहादुर बुढा, प्रेमसिंह भण्डारी र कमलबहादुर योञ्जनले मृतकहरू झमन रेउले र कमल भण्डारीलाई दाउराको लाठीले टाउकोसमेतमा प्रहार गरेको र निजहरूले हानेको उक्त चोटको कारणबाट मृतकहरूको मृत्यु भएको पुष्टि भएबाट निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिमको कसुरदार ठहऱ्याई सजाय गर्ने गरेको पुनरावेदन अदालत जुम्लाको फैसला कानून र

न्यायको रोहमा अन्यथा देखिन आएन । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरू भिमबहादुर बुढा, प्रेमसिंह भण्डारी र कमलबहादुर योञ्जनको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अब मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय भएका प्रतिवादीहरू रोशन थापा र बलराम रोकायाको हकमा विचार गर्दा, मौकामा अनुसन्धानको क्रममा फेला नपरेका यी प्रतिवादीद्वय अदालतसमक्ष उपस्थित हुँदा आफूहरू वारदातस्थलमा अनुपस्थित रहेको भनी बयान गरे तापनि अन्यत्र रहेको सो कुरा पुष्टि गर्न प्रमाण पेस गर्न सकेका छैनन् । यी प्रतिवादीहरू रोशन थापा र बलराम रोकाया पनि वारदात स्थलमा उपस्थित रहेका भनी सो घटनाका प्रत्यक्षदर्शी गोपाल रावतले मौकामा कागज गर्ने क्रममा खुलाएका छन् । मौकामा र अदालतसमक्ष समेत उपस्थित भई साबिती बयान गर्ने प्रतिवादी भिमबहादुर बुढाले यी मृतकहरूलाई कुटपिट गरेपछि मृतक कमल भण्डारी भागी गएका र यी प्रतिवादीहरू रोशन थापा र बलराम रोकायाले दौडी गई छोपी समाती राखेकोमा म पुगेपछि मैले दाउराले कमल भण्डारीको टाउकोमा हानेको हुँ भनी अदालतमा आई गरेको बयानमा निज प्रतिवादीहरूलाई पोल गरेको देखिन्छ । मृतक झमन रेउलेलाई ढाड र टाउकोमा भिमबहादुर बुढासमेतले प्रहार गरी ढालेपछि मृतक कमल भण्डारी सो स्थानबाट भागेको अवस्थामा पुनः प्रतिवादीहरू पुगी कुटपिट गरेको भन्ने देखिन्छ । अन्य प्रतिवादीहरू बुद्धे बुढा, राजु थापा र अपार गुरूङले पनि अदालतसमक्ष बयान गर्दा यी प्रतिवादीहरूले मृतकलाई समाती राखेका थिए भनी पोल गरेका छन् । यसरी यी प्रतिवादीहरू बलराम रोकाया र रोशन थापाले मृतक कमल भण्डारीलाई भाग्न उम्कन नदिई पक्रेर राखेका र भिमबहादुर बुढासमेतका प्रतिवादीहरूले निज मृतकहरूलाई दाउरा लाठीले कुटपिट गरेकोमा सोही चोटको कारण मृतकहरूको मृत्यु हुन गएको पुष्टि भएको ।

प्रस्तुत मुद्दामा प्रतिवादीहरू रोशन थापा र बलराम रोकाया वारदात स्थलमा गएर मृतकलाई समाती पक्री दाउराले प्रहार गरी मार्नलाई अन्य प्रतिवादीहरू भिमबहादुर बुढा, प्रेमसिंह भण्डारी र कमलबहादुर योञ्जनलाई संयोग पारिदिएको पुष्टि भएबाट निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिमको कसुरदार ठहऱ्याई सोही १३(४) नं. बमोजिम जन्मकैद हुने र प्रतिवादी रोशन थापा १६ वर्षमुनिका नाबालक रहेको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम १० (दश) वर्ष कैद हुने गरी सजाय गरेको पुनरावेदन अदालत जुम्लाको फैसला कानून र न्यायको रोहमा अन्यथा देखिन आएन । अभियोग दाबीबाट सफाइ पाउनुपर्ने भन्ने प्रतिवादीहरू बलराम रोकाया र रोशन थापाको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अब मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम दुई वर्ष कैदको सजाय भएका प्रतिवादीहरू बुद्धे बुढा, अपार गुरूङ, कृष्ण मोक्तान र राजु थापाको हकमा विचार गर्दा, यी प्रतिवादीहरूमध्ये बुद्धे बुढा, अपार गुरूङ र राजु थापाले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मृतकहरूलाई लात्ती, मुक्काले प्रहार गरेको भनी उल्लेख गरेको भए तापनि अदालतमा आई बयान गर्दा झगडा छुट्याउन लाग्दा मृतकहरूमाथि

हातलात्ती लाग्न गएको हुनसक्छ, कुटपिट गरेको छैन भनी बयान गरेका छन् । अर्का प्रतिवादी कृष्ण मोक्तानले आफू वारदात स्थलमा उपस्थित भएको तर मृतकहरूमाथि हातपात गर्ने वा झगडा छुट्याउने कार्य नगरेको भनी अनुसन्धान अधिकारी तथा अदालतसमक्ष समेत बयान गरेको देखिन्छ । वारदात स्थलमा निज बुद्धे बुढा, अपार गुरूङ, कृष्ण मोक्तान र राजु थापा उपस्थित रहेको तर निजहरूले झगडा छुट्याई दिने कार्य गरिरहेका थिए भनी सहप्रतिवादी भिमबहादुरसमेतले अदालतको बयानमा समेत उल्लेख गरेका छन् । यी प्रतिवादीहरूले मृतकहरूलाई कुटपिट गरेको भन्ने पुष्टि हुन आएको छैन । यी प्रतिवादीहरूले मृतकहरूलाई हातपात गरेको पुष्टि नभए तापनि निज प्रतिवादीहरू वारदात स्थलमा उपस्थित भई वारदातपश्चात् घाइते मृतकहरूलाई छाडी उक्त वारदातमा संलग्न अन्य प्रतिवादीहरूसँगै यी प्रतिवादीहरू भागेको पुष्टि भएको ।

साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ नं. को देहाय ३ मा "*अरू किसिमसँग मतसल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरिरहनेलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ*" भन्ने कानूनी व्यवस्था रहेको छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरू राजु थापा, अपार गुरूङ, बुद्धे बुढा र कृष्ण मोक्तान वारदात घटाउने मतसल्लाहमा सामेल भई वारदात स्थलमा उपस्थित भई वारदातपश्चात् अन्य प्रतिवादीहरूसहित भागेको तथ्य पुष्टि भएबाट निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ (३) नं. बमोजिमको कसुरदार ठहऱ्याई सोही १७ (३) नं. बमोजिम २/२ (दुई/दुई) वर्ष कैद गरी प्रतिवादी राजु थापा १६ वर्ष मुनिका नाबालक हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम १ (एक) वर्ष कैद सजाय गर्ने गरेको पुनरावेदन अदालत जुम्लाको फैसला कानून र न्यायको रोहमा अन्यथा देखिन आएन । निज प्रतिवादीहरू अपार गुरूङ, राजु थापा, बुद्धे बुढा र कृष्ण मोक्तानलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदक प्रतिवादीहरूमध्ये प्रेमसिंह भण्डारी, भिमबहादुर बुढा र कमलबहादुर योञ्जनलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३ (३) नं. को कसुरमा ऐ.१३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने, प्रतिवादीहरू बलराम रोकाया र रोशन थापालाई सोही महलको १३ (४) नं. बमोजिम जन्मकैदको सजाय भई प्रतिवादी रोशन थापा १६ वर्षमुनिका नाबालक रहेको देखिँदा साबिक बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) बमोजिम १० (दश) वर्ष कैद हुने र प्रतिवादीहरू बुध्दे बुढा, राजु थापा, कालु भन्ने अपार गुरूङ र कृष्ण मोक्तानलाई सोही महलको १७ (३) नं. बमोजिम दुई वर्ष कैद सजाय भई प्रतिवादी राजु थापा १६ वर्ष मुनिका नाबालक हुँदा साबिक बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) बमोजिम १ (एक) वर्ष कैद हुने ठहर गरेको सुरू डोल्पा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत जुम्लाको मिति २०७१।०८।२५ को फैसला मिलेकै देखिँदा

सदर हुने।

केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएकोभन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा सर्वस्वसहित जन्मकैदको व्यवस्था नभएको र ऐ. को दफा १७७(२) मा ज्यान मार्ने कसुर गर्ने र गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेकोले सुरू डोल्पा जिल्ला अदालतबाट साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम प्रतिवादी प्रेमसिंह भण्डारी, भिमबहादुर बुढा र कमलबहादुर योञ्जनलाई सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसलालाई साबिक पुनरावेदन अदालत जुम्लाबाट सदर गरेकोमा सर्वस्व गरेको हदसम्मको उक्त फैसला कायम नरही प्रस्तुत मुद्दामा यी प्रतिवादी प्रेमसिंह भण्डारी, भिमबहादुर बुढा र कमलबहादुर योञ्जनलाई जन्मकैदको मात्र सजाय हुने।

प्रतिवादीहरूमध्ये बलराम रोकायाको हकमा निजलाई साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैद हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत जुम्लाको फैसला सदर हुने ठहरी फैसला भए तापनि निज बलराम रोकायाको मृतकहरूसँग कुनै झैझगडा एवं पूर्वरिसइवी रहेको भन्ने पनि देखिँदैन। होटलमा होटल साहु र साहुनीबिच भएको झगडा कसले मिलाउने भन्ने सम्बन्धमा मृतकहरू र भिमबहादुर बुढासमेतका प्रतिवादीहरूबिच विवाद उत्पन्न भएको र सोही कारणबाट प्रस्तुत घटना वारदात भई यी प्रतिवादी बलराम रोकायासमेत उक्त वारदातमा सम्मिलित हुन पुगेका छन् । वारदात हुँदाको समयमा यी प्रतिवादी बलराम रोकायाको उमेर १९ वर्ष देखिन आएको छ। आमाको लागि स्वास्थ्य उपचार गर्न लैजान हेलिकप्टरसम्बन्धी सूचना बुझ्न आएको भन्ने निज प्रतिवादी बलराम रोकायाको बयानबाट खुल्न आएको छ। होटलमा खाना खान यी प्रतिवादीसमेत पुगेको र अन्य प्रतिवादीहरू र मृतकहरूको बिचमा वादविवाद भएको भन्ने तथ्य रहेको छ । अन्य प्रतिवादीहरूले मृतकहरूको टाउकोमा समेत लाठी दाउराले प्रहार गरेको चोटको कारणबाट मृतकहरूको मृत्यु भएको छ । अन्य प्रतिवादीहरूको लहैलहैमा लागेर कलिलो उमेर भएका यी प्रतिवादी बलराम रोकायाले मृतकलाई पक्री समाती मार्नमा संयोग पारिदिने कार्य गर्न पुगेको वारदातको परिस्थितिलाई समेत दृष्टिगत गरी हेर्दा निज प्रतिवादीलाई ठहर भएको जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिन आएको छ। अतः निज प्रतिवादी बलराम रोकायाको हकमा साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैद गर्न जाहेर भएको सुरू डोल्पा जिल्ला अदालतको राय उपयुक्त र मनासिब नै देखिन आएको छ । तसर्थ, डोल्पा जिल्ला अदालतले साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय हुन व्यक्त गरेको उक्त राय मनासिब भई साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादी बलराम रोकायालाई १० (दश) वर्ष कैदको सजाय हुने।

फैसला तयार गर्नेः शा.अ. कल्याण खड्का

कम्प्युटर : राधिका घोरासाइने

**इति संवत् २०७७ साल असार १८ गते रोज ५ शुभम्।**

## इजलास नं.५

### २०

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CR-०९३८, *मूल्य अभिवृद्धि कर* (०६०/६१), *हिमालयन स्न्याक्स एण्ड नुडल्स प्रा.लि. वि. ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुर*

हिमालयन स्न्याक्स एण्ड नुडल्स् प्रा. लि.को सञ्चालक समिति साबिकमा ३ सदस्यीय रहेको कुरामा विवाद देखिँदैन । तर करदाता प्रा. लि.को मिति २०६४/९/३० मा बसेको आठौं साधारणसभाले साबिकका सञ्चालकहरूमध्ये प्रेमप्रकाश खेतानलाई ४ वर्षका लागि एकल सञ्चालक कायम गर्ने गरी निर्णय गरेको पाइयो । यस प्रकार कायम हुन आएका एकल सञ्चालकको अभिलेख कम्पनी रजिस्ट्रारको कार्यालयमा पनि राखिएको देखिन्छ । कम्पनी ऐन, २०६३ को दफा १०४, दफा १०६ समेतमा रहेका कानूनी प्रावधानका सन्दर्भमा हेर्दा कानूनी प्रक्रिया पूरा गरी साधारणसभाबाट भएको निर्णयअनुसार कायम भएका एकल सञ्चालकबाट भए गरिएका काम कारबाहीलाई बेरीतको मान्न मिल्ने देखिँदैन । यसरी कानूनबमोजिम अख्तियारप्राप्त एकल सञ्चालक श्री प्रेमप्रकाश खेतानले मिति २०६५/११/४ मा दिएको अख्तियारीअनुसार जीवराज जैनले पुनरावेदन गरेको देखिएको छ । यस अवस्थामा दायर गरिएको पुनरावेदन केवल सञ्चालकको अख्तियारीसम्बन्धी प्रश्न खडा गरी पुनरावेदन नै खारेज गर्ने गरी फैसला हुनु कानूनअनुकूल देखिँदैन । तसर्थ, मुद्दाको तथ्यमा प्रवेश नै नगरी पुनरावेदनपत्र खारेज हुने ठहर गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६७/६/१९ को फैसला कानूनअनुकूल नदेखिएकाले उल्टी हुन्छ । अब यसमा जे जो बुझ्नुपर्छ बुझी, विवादको तथ्यमा प्रवेश गरी कानूनबमोजिम पुनः फैसला गर्नु भनी मिसिलसमेत राजस्व न्यायाधिकरण काठमाडौंमा पठाइदिने ।

इजलास अधिकृतः अम्बिकाप्रसाद दाहाल

**इति संवत् २०७६ साल पौष २८ गते रोज २ शुभम् ।**

- यसमा यसै लगाउको ०६८-CR-०९३९, आय कर (०६०/६१) *हिमालयन स्न्याक्स एण्ड नुडल्स प्रा.लि. वि. ठुला करदाता कार्यालय हरिहरभवन, ललितपुर* भएको मुद्दामा समेत यसैअनुसार फैसला भएको छ ।

### २१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री डम्बरबहादुर शाही**, *०७४-CR-०५९०, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. सुजन भन्ने घनश्याम गर्बुजासमेत*

प्रतिवादीमध्ये धर्मेन्द्र सिञ्जालीलको बाहेक अन्य प्रतिवादीहरूको संलग्नता पुष्टि हुने प्रमाण वादी नेपाल सरकारबाट पेस हुन सकेको देखिँदैन । प्रत्यक्षदर्शी सिता पुर्जाले धर्मेन्द्रको खुकुरी प्रहारले लडेको मनकुमार पुनलाई धर्मेन्द्रले पुन खुकुरी ताक्दा मैले पछाडिबाट धर्मेन्द्रको कपडामा समाती हान्नबाट रोकेकी हुँ भनी अनुसन्धानको क्रममा र अदालतमा समेत बकपत्र गरेको देखिन्छ । अन्य प्रत्यक्षदर्शी डबलबहादुर पुन र धनकुमारी पुर्जासमेतले सोही कुरालाई समर्थित हुने गरी धर्मेन्द्र सिंजालीले मनकुमार पुनलाई टाउकोमा खुकुरीले हानेपछि मनकुमार ढले त्यसपछि पुनः

निजले प्रहार गर्न लाग्दा सिता पुर्जाले रोकेको अवस्थामा मनकुमार पुन, सिता पुर्जाको होटलको पछाडिबाट भागी धनकुमारी पुर्जाको घरमा लुकी बसेका र रगतपच्छे अवस्थामा मेरो घरमा ल्याई सुताएको हो भनी बकपत्रसमेत गरेको देखिँदा अन्य प्रतिवादीहरूको संलग्नता पुष्टि भएको नदेखिने।

प्रस्तुत मुद्दाको वारदातमा खुकुरीको एउटा साङ्घातिक प्रहारको चोट रहेको र सोको प्रहारकर्ता एकजना प्रतिवादीको संलग्नता पुष्टि भएको देखिएको अवस्थामा अन्य साङ्घातिक प्रहार नगर्ने अन्य प्रतिवादीहरूलाई कसुरदार ठहर गरी सजाय गर्ने भन्ने प्रश्न रहन सक्ने देखिन आएन। तसर्थ जाहेरी बेहोरा, घटना विवरण कागज, प्रतिवादी धर्मेन्द्र सिञ्जालीको बयान, अन्य प्रतिवादीहरू सुजन भन्ने घनश्याम गर्बुजा, जयन गर्बुजा बयान कागज, कागज गर्ने कुमार पुन, साक्षीहरू डबलबहादुर पुन, प्रेम पुर्जा, सन्दिप पाइजा, सिता पुर्जा, घाइते मनकुमार पुनसमेतको भनाइबाट अभियोग दाबीबाट सफाइ पाउने प्रतिवादीहरूको कसुरमा संलग्नता रहेको मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको नदेखिँदा सबुत प्रमाणहरूको विवेचना गरी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट भएको फैसला अन्यथा भन्न सकिने अवस्था नहुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी धर्मेन्द्र सिञ्जालीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १५ नं. बमोजिमको कसुरमा ऐ. १५ नं. बमोजिम पाँच वर्ष कैद सजाय हुने र अन्य प्रतिवादीहरू सुजन भन्ने घनश्याम गर्बुजा, टेकबहादुर पुर्जा, यामबहादुर खत्री, रमेश विश्वकर्मा, जोगेन्द्र भन्ने जयन गर्बुजा, योगेन्द्र भन्ने सन्देश गर्बुजासमेतलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको उच्च अदालत पोखरा बागलुङ इजलासबाट मिति २०७४/०३/२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद बस्याल

**इति संवत् २०७६ साल श्रावण १९ गते रोज १ शुभम्।**

**२२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०६८-CI-११३५, मापदण्डविपरीत निर्माण, नगर विकास योजना कार्यान्वयन समिति, अनामनगर वि. प्रेमकुमारी सुवेदी*

काठमाडौं उपत्यका नगर विकास कार्यान्वयन समितिको गठन विधि र क्षेत्राधिकार सम्बन्धमा यस अदालतबाट जलनकुमार मानन्धरसमेत विरूद्ध काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिसमेत भएको २०६१ सालको रिट नं. ३३२६ को विवादका सन्दर्भमा मिति ०६४/६/२२ मा व्याख्या र विवेचन भई सिद्धान्त कायम भएको देखिन्छ। विवादित मुद्दाको सन्दर्भमा उक्त काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिबाट मिति ०५९/११/१५ मा गरिएको निर्णय पुस्तिका हेर्दा सो निर्णय गर्ने समिति कानूनी प्रक्रियाअनुसार गठन भएको देखिँदैन। नगर विकास समिति ऐन, २०४५ को दफा २८.३ समेतमा रहेका प्रावधानअनुसार सो ऐनबमोजिम नगर विकास समिति गठन नभएसम्म साबिकबमोजिम गठित समितिहरू नै कायम रहने अवस्था देखिन्छ। साबिकबमोजिमको समितिमा प्रशासकीय निर्णयबाट फेरबदल गर्ने र नयाँ समिति नै गठन नगर्ने कुराबाट कानूनी सर्त पूरा हुँदैन। नगर विकास समिति ऐन, २०१९ र नगर विकास योजना कार्यान्वयन ऐन, २०२९ खारेज भए पनि नयाँ

ऐनले उल्लिखित ऐनअन्तर्गत गठित समितिलाई निरन्तरता प्रदान गरेको देखिन्छ । यस अवस्थामा उपर्युक्तअनुसारको जलनकुमार मानन्धरको विवादमा यस अदालतबाट प्रतिपादित सिद्धान्त आकर्षित हुने नै देखिएको ।

नगर विकास ऐन, २०४५ को दफा २८(३) ले नगर योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गत गठित समितिलाई निरन्तरता दिएकोमा सोबाहेकको प्रशासकीय निर्णयबाट गठित काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिबाट विवादित निर्णय गरेको देखिएको हुँदा समितिको गठन-विधि कानूनी रूपमा त्रुटिपूर्ण रहेको भन्ने आधारमा सो समितिले गरेको निर्णय बदर हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८/४/१८ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत : उषा गिरी

कम्प्युटर : मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल चैत्र २३ गते रोज २ शुभम् ।**

## इजलास नं.६

२३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७६-WO-०२८८**,** *उत्प्रेषण, ओयसिस मेडिकल कलेज एण्ड रिसर्च सेन्टर प्रा.लि. वि. नर्सिङ काउन्सिल बाँसबारी, काठमाडौंसमेत*

रिट निवेदकको माग सम्बन्धमा विचार गर्दा, नेपाल नर्सिङ परिषद् ऐन, २०५२ र राष्ट्रिय चिकित्सा ऐन, २०७५ को व्यवस्थाहरूलाई हेरी समीक्षा गर्नुपर्ने देखिन आयो । **राष्ट्रिय चिकित्सा ऐन, २०७५ को दफा २(च)** मा "**चिकित्सा शिक्षा भन्नाले स्वास्थ्य सेवाको कुनै विधामा सेवा, अध्यापन तथा अनुसन्धान गर्ने विशेषज्ञ सम्झनुपर्छ र सो शब्दले चिकित्सा शिक्षा विधि विज्ञानलाई समेत जनाउँछ"** भनी परिभाषा गरेको पाइयो । सोही ऐनको **दफा ६** ले **आयोगको काम, कर्तव्य र अधिकार**सम्बन्धी व्यवस्था गरेको छ । सोही दफाको **खण्ड (ख)** ले "**संघ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड र स्तरसम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने**" भनी व्यवस्था गरेको पाइन्छ । उक्त दफाले चिकित्सा क्षेत्रको सबै तह तथा विधाको मापदण्ड र स्तरसम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्नेलगायतका काम, कर्तव्य र अधिकार चिकित्सा शिक्षा आयोगअन्तर्गत हुने ।

**राष्ट्रिय चिकित्सा ऐन, २०७५** को **दफा ६** को **खण्ड (च)** ले "**चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद्लाई आवश्यकताअनुसार निर्देशन दिने**" भन्ने व्यवस्था गरेको पाइयो । सोही ऐनको **दफा ११(१)** मा **"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षण संस्था स्थापना गर्न चाहनेले त्यस्तो संस्था स्थापनाको लागि आयोगबाट आशयपत्र लिनुपर्ने छ"** भनी व्यवस्था गरेको पाइन्छ । सोही दफाको **उपदफा ४** मा **"दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिम अस्पताल सञ्चालन नगरेका शिक्षण संस्थाले यो ऐन प्रारम्भ हुनु अगावै आशयपत्र पाइसकेको भए तापनि तोकिएको अवधिभित्र सो खण्डबमोजिमको सर्त पूरा नगरेमा त्यस्ता शिक्षण संस्थाको आशयपत्र नवीकरण गरिने छैन"** भन्ने व्यवस्था गरेको पाइयो । यसैगरी, सोही ऐनको **दफा १२ (१)** मा "**दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि**

**देहायको अवस्थामा शिक्षण संस्था स्थापना गर्न आशयपत्र प्रदान गरिने छैनः- (क) विद्यार्थीको पढाइ र अभ्यासको लागि मेडिकलतर्फ कम्तीमा तीनसय तथा डेन्टल र नर्सिङतर्फ एक सय शय्याको अस्पताल सञ्चालन नभएसम्म सम्बन्धित विषयको कुनै कार्यक्रम सञ्चालन गर्न, (ख) आयोगले तोकेको अन्य मापदण्ड पूरा नगरेमा"** भन्ने व्यवस्था गरेको पाइयो। उल्लिखित दफाहरूबाट समेत हेर्दा यी निवेदकले नर्सिङ परिषद् ऐन, २०५२ द्वारा स्थापित नर्सिङ परिषद्ले तोकेको मापदण्ड पूरा नगरेको भनी Post Basic Bachelor of Nursing र BSC Nursing सञ्चालन गर्दा परामर्श दिन नसकिने भनी नर्सिङ परिषद्ले मिति २०७४।०५।०७ को निर्णयबाट पूर्वाञ्चल विश्वविद्यालयलाई लेखी निवेदकलाई बोधार्थ दिएको देखिने।

**नर्सिङ परिषद् ऐन, २०५२ को दफा ९ (१) (ग) मा "खण्ड (ख) बमोजिम मान्यता दिएका शिक्षण संस्थाको पाठ्यक्रम, भर्नाका सर्त, परीक्षा प्रणाली तथा अन्य आवश्यक सर्त तथा पूर्वाधारको मूल्याङ्कन तथा पुनरावलोकन गर्ने"** भन्ने व्यवस्था भएबाट चिकित्सासम्बन्धी शिक्षण संस्थाको पूर्वाधारको मूल्याङ्कन र पुनरावलोकन गर्ने अधिकार नेपाल नर्सिङ परिषद्लाई भएकै देखियो। सोही कानूनी व्यवस्थाबमोजिम अनुगमन निरीक्षण गर्ने अधिकारप्राप्त गरेको नर्सिङ परिषद्बाट निवेदक कलेजको निरीक्षण गर्दा **"ओयसिस मेडिकल कलेजले ५५ शय्या रहेको ओयसिस मेडिकल कलेज टिचिङ हस्पिटल देखाएको जसमा Patient Occupancy १३% र ५ जना शिक्षकहरू भएको तर उक्त कलेजले सञ्चालन गरेको अस्पताल नै हालसम्म पूर्ण रूपले स्वास्थ्य मन्त्रालयबाट स्वीकृत पाएको नदेखिएको हुँदा यस परिषद्को न्यूनतम आवश्यकताअनुरूप अपुग भएको हुँदा उक्त संस्थालाई Post Basic Bachelor of Nursing र BSC Nursing सञ्चालन गर्न दिन नसकिने परामर्श यस परिषद्ले मिति २०७४।०५।०७ मा निर्णय गरियो"** भन्नेसमेतको बेहोरा मिति २०७४।०५।११ को मिसिल संलग्न कागजातबाट देखिने।

निवेदक कलेजले मिति २०६९।०८।०६ मा अस्थायी सम्बन्धन प्राप्त गर्दा नेपाल नर्सिङ परिषद्ले तोकेको सर्त Norms and Standard समेत अनिवार्य रूपमा पालना गर्नुपर्ने र सहमति पत्र लिनुपर्ने आवश्यक भएकाले उक्त परिषद्बाट हालसम्म उक्त कलेजले न्यूनतम आवश्यकता (Minimum Requirements) अनुरूप कार्य गर्न सफल भएको नदेखिँदा सहमति पत्र प्राप्त नभएसम्म आगामी वर्षहरूमा BSC Nursing र Post Basic Bachelor of Nursing तहको पढाई सञ्चालन गर्न दिन नसकिने भनी मिति २०७४।०५।०७ मा गरेको निर्णय कानूनसङ्गतको नै देखिँदा सो निर्णयलाई अन्यथा मान्न मिलेन। हाल नयाँ कानूनी व्यवस्था आएको परिवर्तित परिस्थितिमा नर्सिङ परिषद् ऐन, २०५२ को क्षेत्राधिकारलाई परिवर्तित गर्ने गरी राष्ट्रिय चिकित्सा ऐन, २०७५ अन्तर्गत हस्तान्तरण गरेको देखियो र उक्त ऐनको **दफा ५३** मा **"विश्वविद्यालय, प्रतिष्ठान तथा सम्बन्धित विषयगत काउन्सिलसँग सम्बन्धित प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको विषयमा यसै ऐनबमोजिम हुने छ"** भन्ने व्यवस्था भएको देखिने।

नर्सिङ परिषद्लाई नर्सिङ परिषद् ऐन, २०५२ अनुरूप पूर्वाधारको मूल्याङ्कन तथा

पुनरावलोकनको काम, कर्तव्य भएकै देखिएको र राष्ट्रिय चिकित्सा ऐन, २०७५ ले निर्धारण गरेको मापदण्ड पूरा गर्नुपर्ने अवस्था सिर्जित भएको देखिएकोले कानूनले सिर्जना गरेको परिवर्तित अवस्थासमेतबाट रिट निवेदन जारी हुने देखिएन। निज निवेदक कलेजले लगानी गरी स्वास्थ्य क्षेत्रमा कार्य गरेको देखिँदा राष्ट्रिय चिकित्सा ऐन, २०७५ अन्तर्गतको प्रक्रिया र मापदण्ड पूरा गरी उक्त ऐनले यस सम्बन्धमा क्षेत्राधिकार प्रदान गरेको चिकित्सा शिक्षा आयोगमा निवेदन दिएमा आवश्यक कार्य हुने नै हुँदा त्यस सम्बन्धमा केही बोलिराख्नु नपर्ने। प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृत: विनिता भारती

कम्प्युटर : पद्मा आचार्य

**इति संवत् २०७७ साल पौष ७ गते रोज ३ शुभम्।**

२४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७३-CI-१५२२, लेनदेन, *जगलाल साह तेली वि. महेन्द्र साह तेली*

प्रमाण ऐन, २०३१ को दफा २३(१) मा "अदालतले विदेशी कानून, विज्ञान, कला, हस्ताक्षर वा ल्याप्चेका सम्बन्धमा यकिन गर्नु परेमा सोसम्बन्धी विशेषज्ञको राय प्रमाणमा लिनुहुन्छ" भनी सोही दफाको उपदफा ७ मा "कुनै व्यक्तिले व्यक्त गरेको राय सो व्यक्ति साक्षीको रूपमा आफैँ अदालतमा उपस्थित भएमा मात्र यस दफाबमोजिम प्रमाणमा लिन हुन्छ" भनी उल्लेख भएको पाइन्छ। सोही ऐनको दफा ५२ मा "विशेषज्ञलाई अदालतमा साक्षीसरह उपस्थित गराई बकाउन हुन्छ" भनी उल्लेख भएको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थाअनुसार लिखतमा भएको सहीछाप वादीकै हो भन्ने विशेषज्ञको राय भएकोमा आफ्नो रायसमेतलाई पुष्टि हुने गरी निजले गरेको बकपत्रलाई प्रमाणमा लिन मिल्ने नै देखिने । यसै सम्बन्धमा, *शान्तबहादुर शाही (खड्गे) विरूद्ध भाजुरत्न महर्जन (ने.का.प. २०७२, अङ्क ५, नि.नं.९४०८)* लेनदेन मुद्दामा, *"लिखत परीक्षणमा दक्षता हासिल गरेका विशेषज्ञहरूको राय न्याय सम्पादनको सहजताको लागि भएको तथ्यमा विवाद छैन । लिखत परीक्षण वैज्ञानिक कार्य हो । वैज्ञानिक तरिकाले विवादित लिखतको परीक्षण हुने हुँदा विशेषज्ञको राय विश्वास नगर्ने मनासिब आधार र कारण भएमा बाहेक निजले व्यक्त गरेको रायलाई अस्वीकार गर्न नमिल्ने"* भनी सिद्धान्तसमेत प्रतिपादन भएको।

प्रतिवादीले अदालतमा पेस गरेको भरपाई जाली भएको र उक्त भरपाइमा भएको सहीछाप आफ्नो नभएको दाबी लिएको हकमा वादीले आवश्यक प्रमाण पेस गर्न सकेको देखिँदैन। **प्रमाण ऐन, २०३१** को **दफा २६** मा **"देवानी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने भार वादीको हुने छ"** भनी उल्लेख भएको पाइन्छ । सोही कानूनी व्यवस्थाबमोजिम भरपाई किर्ते हो भन्ने हकमा दाबी लिने वादीले आफ्नो सुरू फिराद दाबीलाई प्रमाणित गर्न अदालतमा आवश्यक प्रमाण पेस गर्नुपर्नेमा पेस गर्न नसकेको अवस्थामा पुनरावेदन जिकिर स्वीकारयोग्य देखिएन । यसैगरी, वादीसँग प्रतिवादीले लिएको सावाँ ब्याजसमेतको रकम बुझाइसकेको भरपाई प्रतिवादीले अदालतसमक्ष पेस गरेको र उक्त भरपाई वादीले नै गरिदिएको भन्ने मिसिल संग्लन सम्पूर्ण कागजातहरूसमेतबाट प्रमाणित भएबाट वादी दाबी नपुग्ने ठहर्‍याई सुरू

जिल्ला अदालतको इन्साफ सदर भएको उच्च अदालत हेटौंडाको फैसला मिलेकै देखिन आउने।

वादी दाबी नपुग्ने गरी भएको सुरू इन्साफ सदर गर्दै उच्च अदालत हेटौंडाबाट मिति २०७२।३।४ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : विनिता भारती

कम्प्युटर : रेखा भट्टराई

**इति संवत् २०७७ साल पौष २ गते रोज ५ शुभम्।**

## इजलास नं.७

### २५

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री सपना प्रधान मल्ल,** *०६९-CI-०५२५, सार्वजनिक बाटो खिचोला, वैद्यनाथप्रसाद गुप्ता वि. राजकुमार मोदी*

दे.नं.१०४६ को सार्वजनिक बाटो खिचोला छोडाई चलन मुद्दा र दे.नं.१७०३ को **नापी निर्णय टिप्पणी आदेश बदर मिलापत्र बदर दर्ता बदर सार्वजनिक कायम मुद्दा एकै लगाउको देखिएकोले दुवै मुद्दा साथै राखी एकैदिनमा फैसला गर्नुपर्नेमा** दे.नं.१०४६ को सार्वजनिक बाटो खिचोला छोडाई चलन मुद्दामा वादीले मिति २०६४।९।२९ गतेको तारिख गुजारेको हुनाले मिति २०६५।३।१८ मा डिसमिस फैसला गरेको र सोही मुद्दाको लगाउ कायम भएको दे.नं.१७०३ नापी निर्णय टिप्पणी आदेश बदर मिलापत्र बदर दर्ता बदर सार्वजनिक कायम मुद्दा मिति २०६५।३।१८ मा पेसीबाट हटाई मिति २०६५।३।३१ मा फैसला गरेको देखिएकोले कानूनद्वारा निर्धारित कार्यविधि एवं प्रतिपादित न्यायिक सिद्धान्त र मूल्य मान्यताविपरीत भएको देखिन आएको हुँदा सुरू पर्सा जिल्ला अदालतबाट भएको डिसमिस फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको नदेखिने।

प्रस्तुत मुद्दा यस अदालतबाट दोहोऱ्याई पाउने अनुमति प्रदान भई पुनरावेदनको स्वरूपमा दर्ता भइसकेपछि सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा पटकपटक सक्कल मिसिल पठाउन ताकेता भएपछि मिसिल संलग्न केही कागजातहरू धुल्याएपश्चात् मात्र करीब ७ वर्षपछि उक्त मिसिल यस अदालतमा पठाएको कार्यलाई सहजतापूर्वक हेर्न नसकिने। यदाकदा अदालतभित्र देखिने यस्ता विकृति क्षम्य प्रकृतिको होइन, मिसिलको जिम्मा लिई बस्ने तथा प्रशासनिक काम कर्तव्य निर्वाह गर्ने कर्मचारी यस विषयमा जिम्मेवार रहनुपर्ने । यसरी पर्सा जिल्ला अदालतबाट सो मुद्दामा भएको कामकारबाहीप्रति कर्तव्य विमुख भई छिटोछरितो न्याय सम्पादन गर्ने कार्यलाई अवरूद्ध गरेको यस कार्यका सम्बन्धमा छानबिन गरी आइन्दा अदालतको प्रशासनिक कार्यलाई चुस्त दुरूस्त बनाउन सुरू पर्सा जिल्ला अदालतको ध्यान आकर्षण गराउनुपर्ने।

सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६५।३।१८ मा भएको डिसमिस फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।३।१३ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी गरिदिएको।

इजलास अधिकृत : लालसिंह थापा

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७७ साल मङ्सिर २८ गते रोज १ शुभम्।**

### २६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७२-CI-०१९३, ०५२०,*

*उत्प्रेषणसमेत, अजित क्षेत्री वि. धर्मानन्द पन्त, सुरेन्द्रबहादुर विष्ट वि. धर्मानन्द पन्त*

पुनरावेदन अदालत महेन्द्रनगरबाट जारी भएको परमादेशको आदेशलाई सदर गरेको यस अदालतको दे.पु.नं. ०६७-CI-१४४८ को परमादेशमा पनि सोही जग्गासमेतका जग्गाको बसोबासलाई व्यवस्थित गर्न मूल्य निर्धारणसमेत कार्य गर्न परमादेश जारी भएको र पुनरावेदन अदालत महेन्द्रनगरबाट रिट नं.०६८-WO-००१६ को निषेधाज्ञाको निवेदनमा सो जग्गाहरू अरूलाई बेचबिखन नगर्न निषेधाज्ञाको आदेश जारी भइरहेकोमा उक्त आदेशबमोजिमका कार्यहरू हुन सकेको देखिँदैन । नगर विकास समितिले पहिले बसोबास गरेका व्यक्तिहरूलाई १० धुर जग्गा दिने भनी निर्णय भइसकेको र १० धुर जग्गामा घरसमेत बनाई भोगचलन गरिरहेको अवस्थामा अजित क्षेत्री र गगन नाथका नाममा राधिका कार्की र जानकी चन्दको भोगको जग्गा दिने लिने किने बेचेको दर्ता गरेकोसमेत कार्यहरू उत्प्रेषणको आदेशले बदर हुने ठहर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७१।१२।२२ को आदेश अन्यथा नदेखिने।

पुनरावेदन अदालत महेन्द्रनगरले भीमदत्त नगरपालिका वडा नं. १८ कित्ता नं. ३६९३ राधिका कार्कीको भोगचलनको र ऐ.ऐ. कित्ता नं. ३६९२ को जानकी चन्दको भोगचलनको जग्गा दिने लिने किने बेचेको दर्ता गरेकोसमेत कार्यहरू उत्प्रेषणको आदेशले बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७१।१२।२२ को अन्तिम आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : लालसिंह थापा

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७७ साल साउन १६ गते रोज ६ शुभम्।**

## २७

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७४-WO-०८००, उत्प्रेषणसमेत, दुर्गाप्रसाद निरौला वि. वैदेशिक रोजगार न्यायाधिकरण बुद्धनगर, काठमाडौंसमेत*

कुनै पनि व्यक्तिको परिचय प्राकृतिक रूपमा माता पिताबाट र कानूनी रूपमा संविधान र प्रचलित अन्य कानूनले प्रदान गरेको हुन्छ। बाजे बाबुको नाम, थर, वतनका आधारमा सर्वप्रथम व्यक्तिको परिचय खुल्न आउँछ भने कानूनी रूपमा नेपालको नागरिकताको प्रमाणपत्रलगायतका आधिकारिक कागजातबाट व्यक्तिको परिचय प्रमाणित हुन्छ । प्रस्तुत विवादमा निवेदकको बाजे बाबुको नाम, थर तथा वतनसमेत र वैदेशिक रोजगार विभागले अनुसन्धान गरी वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा चलाएको व्यक्ति एकै व्यक्ति हुन भनी कुनै पनि विपक्षीले भन्न सकेको छैन । जाहेरवालाले जे निवेदन दियो त्यसैलाई अकाट्य प्रमाण मानेर आफूले अनुसन्धान गर्दाको अवस्थामा व्यक्तिको परिचयसम्म पनि नभिडाई आफूखुसी असम्बन्धित व्यक्तिको सम्पत्ति लामो समयसम्म रोक्का राखिएको देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गरेको देखिन्छ। यस्तै सम्पत्तिको हकमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ र हाल प्रचलित नेपालको संविधानको धारा २५ ले **प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्नेलगायत सम्पत्तिको अन्य कारोबार गर्ने हक प्रदान गरेको छ**। यो हक कुनै व्यक्ति वा कर्मचारीको असक्षमता,

व्यक्तिगत स्वार्थ, लहड, लापरवाही आदि कै कारण अपहरित हुन सक्दैन । आफूसमक्ष कसैले कुनै निवेदन दिन ल्याएमा आफूमा भएको अधिकारको प्रयोग स्वच्छ मन, स्वतन्त्र सोच तथा न्यायोचित तवरबाट गर्नु जुनसुकै राष्ट्रसेवकको कर्तव्य हो । जाहेरवालाले पनि गैरजिम्मेवार तवरबाट नाम मिलेकै आधारमा जग्गा रोक्काको निवेदन दिनु, राष्ट्रसेवकको जिम्मेवारी बोकी अनुसन्धानमा खटिएको वैदेशिक रोजगार विभागका अधिकारप्राप्त अधिकारीले पनि आफूले अनुसन्धान गरिरहेको व्यक्ति वा यी निवेदक जग्गा धनीलाई बुझ्दै नबुझी सामान्य छानबिनसमेत नगरी तीन पुस्ते, उमेर र वतनसमेत नभिडाई उनाउ व्यक्तिको सम्पत्ति रोक्का राखी आरोपित व्यक्तिउपर अभियोग लगाई वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा चलाउनु र उक्त मुद्दासँग असम्बन्धित व्यक्ति यी निवेदक जग्गाधनीतर्फबाट आफ्नो सम्पत्ति रोक्का गर्न नमिल्ने कारण र आधारसहित निवेदन गर्दासमेत **"यसै विभागको तर्फबाट पहिला रोक्का राख्ने निर्णय भइसकेको जग्गालाई संशोधन गर्ने गरी सुनुवाइ गर्ने कानूनी व्यवस्थाको अभाव भएको"** भनी वैदेशिक रोजगार विभाग आफ्नो जिम्मेवारीबाट पन्छिनु सुशासनको दृष्टिकोणले स्वीकार्य होइन । आफूबाट कुनै तथ्यगत गल्ती भएको जानकारी कुनै स्रोतबाट प्राप्त हुन्छ भने त्यस प्रकृतिको गल्ती सम्बन्धित विभागले सच्याउन सक्दैन भन्ने होइन । देखादेखी रूपमा आफूले रोक्का राखेको सम्पत्ति असम्बन्धित व्यक्तिको हो भन्ने तथ्य फेला परेमा आफूले मुद्दा दायर गरेको अदालत वा निकायलाई सप्रमाण जानकारी गराएमा त्यसले न्याय सम्पादनमा सहयोग पुग्ने हुन्छ, अन्यथा असम्बन्धित व्यक्तिले विना कुनै कारण अड्डा अदालतको शरण लिनुपर्ने अपरिहार्य अवस्था सिर्जना हुन्छ । यस प्रकारको विषयलाई विपक्षीहरूले न्यायिक मनको प्रयोग गरी देखादेखीको तथ्यगत त्रुटि सच्याउन नमिल्ने भन्ने हुँदैन । वैदेशिक रोजगार विभागका अमूक अधिकृतको गैरजिम्मेवारपूर्ण कार्यबाट यी निवेदक ८०(असी) वर्ष नाघेका व्यक्ति लामो समयसम्म आफ्नो सम्पत्तिसम्बन्धी हकको सुरक्षार्थ गुहार लगाई यस अदालतमा वर्षौंसम्म धाउनुपरेको अवस्थाले अनुसन्धानकर्ताको गैरजिम्मेवारपन कार्यबाट सिर्जना हुने परिणामले सामान्य नागरिकले भोग्नुपर्ने अपूरणीय दु:ख हैरानी न्यायको रोहमा क्षम्य नहुने ।

निवेदक दुर्गाप्रसाद निरौला र वैदेशिक रोजगार कसुरअन्तर्गतका प्रतिवादी दुर्गा निरौला अलग-अलग व्यक्ति भएको अवस्थामा वैदेशिक रोजगार विभागको मिति २०६९।२।२५ मा उक्त कित्ता जग्गा रोक्का राख्ने भनी आदेश गरेको र मिति २०६९।३।२६ मा कि.नं.१४९ को जग्गा थप रोक्का राख्ने आदेश गरेको विपक्षी वैदेशिक रोजगार विभागको निर्णय र सो निर्णयका आधारमा सो कित्ता जग्गाहरू रोक्का राख्न मिति २०६९।२।२५ र च.नं.७५२० तथा मिति २०६९।३।२६ र च.नं.८३०६ को पत्रद्वारा रोक्का राखिएको निवेदकको नाउँमा दर्ता भएको कित्ता नं.१४९,१५० र ४५६ को जग्गा रोक्का राखिएको कार्य कानूनसङ्गत नदेखिने ।

यस अदालतबाट प्रस्तुत मुद्दामा मिति २०७५।२।२ मा कारण देखाउ आदेश भई विपक्षी वैदेशिक रोजगार विभागको नाउँमा

मिति २०७५।२।३ मा म्याद जारी गरी मिति २०७५।२।१३ मा रीतपूर्वक म्याद तामेल भएकोमा म्यादभित्र लिखित जवाफ पेस गरेको मिसिल संलग्न कागजातबाट देखिँदैन । वैदेशिक रोजगार विभागले म्यादभित्र के-कति कारणले निज निवेदकको जग्गा रोक्का राख्नुपरेको हो ? सोको आधार र कारणसमेत खुलाई लिखित जवाफ पेस गर्नुपर्नेमा लिखित जवाफ पेस नगरी चुप लागी बसेको अवस्था देखिन्छ । यसरी वैदेशिक रोजगार विभाग जस्तो आधिकारिक निकायले व्यक्तिको सम्पत्तिसम्बन्धी हकको विषयमा यस अदालतबाट जारी भई रीतपूर्वक तामेल भएको म्यादलाई बेवास्तासमेत गरेको देखिन्छ । कानूनी राज्यमा कानूनबमोजिमको कर्तव्य र दायित्व सरकारका सबै निकाय वा अन्य व्यक्तिले पूरा गरेमा मात्र विधिको शासनले अपेक्षा गरेको न्याय र शान्ति कायम हुन सक्छ । कानूनी राज्यको अनुभूति जनताले गर्न सक्ने तथा न्यायपूर्ण समाजको सिर्जना हुन सक्दछ । वैदेशिक रोजगार विभागबाट अदालतलाई सहयोग गर्नुको सट्टा मौन बसी जिम्मेवारी पन्छ्याएको विषयलाई यस अदालतले गम्भीरतापूर्वक लिएको छ । देशमा सुशासन कायम राख्न प्रतिबद्ध नेपाल सरकारको वैदेशिक रोजगार विभाग जस्ता जिम्मेवार निकायलाई कुनै सामान्य नागरिकको विषयमा कुनै निर्णय गरेपछि त्यसबाट असर पर्ने व्यक्तिले अदालतसमक्ष आफ्नो पीडा राखेको अवस्थामा त्यस्तो निर्णयबारे सोधखोज गर्दा अदालतलाई स्पष्ट लिखित जवाफ नदिई मौन बस्ने अधिकार हुँदैन । लिखित जवाफ पेस नगर्ने, तथ्य वा प्रमाण लुकाई भ्रमपूर्ण वा अस्पष्ट जवाफ दिई लिखित जवाफ दिएको भनी औपचारिकता मात्र पुऱ्याउने जस्ता कार्यहरूले न्याय सम्पादनमा अवरोध गर्दछ । यसरी अदालतलाई सहयोग नपुऱ्याउनु न्यायपालिकालाई प्रदत्त छिटोछरितो न्याय सम्पादनमा अवरोध पुऱ्याउने प्रयत्नको रूपमा लिनुपर्ने हुँदा यस्ता कार्य पनि अदालतको अवहेलनाको विषयभित्र पर्न सक्ने देखिएकोले यसतर्फ नेपाल सरकारका जिम्मेवार निकाय तथा पदाधिकारीहरूको ध्यानाकर्षण हुनु र सचेत रहनु आवश्यक हुने ।

फौजदारी विधि शास्त्रमा कसुर गर्ने व्यक्तिले नै कसुरबमोजिमको दायित्व बेहोर्नुपर्दछ भन्ने मान्य सिद्धान्त रहेको छ । प्रस्तुत मुद्दामा यी निवेदकले मलाई वैदेशिक रोजगारीको सिलसिलामा ठगी मुद्दा नलागेको, मैले बयान नगरेको, थुनामा नबसेको र मैले कुनै किसिमको कन्काई मनि ट्रान्सफर भन्ने संस्थासमेत सञ्चालन नगरेको अवस्थामा मेरो नाउँमा दर्ता भएको कि.नं.१४९, १५० र ४५६ को ३ कित्ता जग्गाहरू अमृतमान श्रेष्ठसमेतको जाहेरीले नेपाल सरकार वादी र प्रतिवादी दुर्गा निरौलासमेत भएको वैदेशिक रोजगारको सिलसिलामा ठगी मुद्दाका प्रतिवादी निज दुर्गा निरौलाको नाउँको जग्गा रोक्का गर्नुपर्नेमा मेरो नाउँमा दर्ता भएको जग्गा रोक्का राखिएको भनी निवेदनमा उल्लेख गरेको देखिएकोले बिना कसुर यी निवेदकको नाउँमा दर्ता भएको जग्गा वैदेशिक रोजगार विभागले रोक्का राखेको कार्य कानून र न्यायसम्मत देखिँदैन । यसै सम्बन्धमा निवेदक श्रीकृष्ण सुवेदीसमेत विपक्षी नेपाल सरकार भएको रिट नं.०६७-WO-०९९० (फैसला मिति २०६९।२।१०) भएको रिट निवेदनमा यसै अदालतबाट **"कुनै सार्वजनिक जिम्मेवारी पाएको पदाधिकारीले वा सरकार वा कुनै सरकारी निकायले अधिकार क्षेत्रात्मक त्रुटि**

**वा क्षेत्राधिकारसम्बन्धी त्रुटि गरी कुनै निर्णय गरेको वा कानूनी त्रुटिपूर्ण निर्णय गरेको छ र त्यसबाट कुनै व्यक्तिको कानूनी हक हितमा असर परेको छ भने सो त्रुटिलाई सच्याउने र कानूनी हकको प्रचलन गराउन अन्य कानूनी उपचारको व्यवस्था नभएको वा भए पनि प्रभावकारी नभएमा त्यस्तो निर्णय बदर गरी व्यक्तिको हक हितको प्रचलन गराउन र प्रचलित कानून लागु गराउन यस अदालतले असाधारण अधिकार क्षेत्रअन्तर्गत उत्प्रेषणको आदेश जारी गर्न सक्छ"** भनी व्याख्या भएको छ। यस परिप्रेक्ष्यमा कानूनको प्रत्यक्ष त्रुटि गरी उनाउ व्यक्तिको जग्गा रोक्का गर्ने निर्णय भएको अवस्थामा यस अदालतले आफ्नो असाधारण अधिकार क्षेत्रअन्तर्गत न्यायिक परीक्षण गर्नुपर्ने।

वैदेशिक रोजगार विभागले यी रिट निवेदकको नाउँमा दर्ता भएको झापा जिल्ला साबिक धैलाडुब्बा गा.वि.स. वडा नं.२ भई हाल कन्काई नगरपालिका वडा नं.७ स्थित कि.नं.१४९, १५० र ४५६ को जग्गाहरू रोक्का राख्न वैदेशिक रोजगार विभागबाट मिति २०६९।२।२५ र मिति २०६९।३।२६ मा गरिएको निर्णय र सोको आधारमा रोक्का राख्न गरिएको सम्पूर्ण पत्राचार एवं कामकारबाहीसमेत त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदकका नाउँको रोक्का राखिएको उक्त कित्ता जग्गाहरू यो आदेशको प्रतिलिपि प्राप्त गरेको **१५(पन्ध्र)** दिनभित्र फुकुवा गरी दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत : लालसिंह थापा

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७६ साल चैत्र २ गते रोज १ शुभम्।**

## इजलास नं.८

## २८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री सपना प्रधान मल्ल,** *०७५-WO-०४००, परमादेश, अरूण रानामगरसमेत वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौंसमेत*

यसरी नेपाली आमाबाट जन्म भएर नेपालमा नै स्थायी बसोबास भएका सन्तानले संविधान तथा कानूनबमोजिम नेपालमा आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने भनी संवैधानिक व्यवस्थासमेत गरिसकेको अवस्थामा बाबुको किटानी नभएकाले जन्मदर्ता गर्न नमिल्ने, बाबुका हकमा पहिचान नभएकाहरूले अदालतबाट आदेश गराएर मात्र जन्मदर्ता र नागरिकता दिन मिल्ने भन्ने प्रसङ्ग उठाई संविधान र कानूनबमोजिम नागरिकता प्राप्त गर्ने योग्यता पुगेका निवेदकहरूलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी नागरिकताविहीन बनाउनु कानूनअनुकूलको कार्य मान्न सकिएन । जहाँसम्म निवेदकका बाबुको यकिन (किटानी) नभएको भन्ने प्रश्नको हकमा बाबु बेपत्ता हुँदैमा निवेदक छोरा छोरीले नागरिकता नपाउने भन्ने नहुने।

प्रस्तुत मुद्दामा निवेदकहरू अरूण रानामगर र एलिजा रानामगरकी आमा सुमिता रानामगर वंशजको आधारमा नेपाली नागरिक भएको भन्ने कुरा निज सुमिता रानामगरले प्राप्त गरेको नागरिकताको प्रमाणपत्रबाट प्रमाणित भएको तथा निवेदकहरूको बाबु पत्ता नलागेको, आमा सुमिता रानामगरको मिति २०७०।८।१८ मा मृत्यु भइसकेको, निजहरूको अन्य नजिकको नाता पर्ने

व्यक्तिहरूसमेत कोही नभएको र हाल निवेदकहरू मामाघरको हजुरआमा कुलदेवी रानामगरको रेखदेख र हेरचाहमा रहेकोले हजुरआमा कुलदेवी रानामगरले सनाखत गर्ने गरी निवेदक एलिजा रानामगर वर्ष २१ (२०५३।४।२९) र अरूण रानामगर वर्ष १९ (२०५५।१।१३) का व्यक्तिहरूको नेपाली नागरिकता प्रमाणपत्र उपलब्ध गराएमा फरक पर्दैन भनी मिसिल संलग्न रहेको शिवपुरी गाउँपालिकाले गरिदिएको सर्जमिन मुचुल्कामा उल्लेख भएकोसमेत देखिएबाट निवेदकहरू नेपाली नागरिक सुमिता रानामगरबाट नेपालमा जन्म भई नेपालमा बसोबास गरी अध्ययनसमेत गरेको देखिएको हुँदा उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था एवं यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूका आधारमा निवेदकहरू एलिजा रानामगर र अरूण रानामगरले आमाको नामबाट कानूनबमोजिम नेपाली नागरिकता र नेपाली नागरिकताको प्रमाणपत्रसँग सार्थक सरोकार राख्ने जन्मदर्ताको प्रमाणपत्रसमेत पाउने नै देखियो। अत: निवेदकहरूले निवेदकको आमा सुमिता रानामगरको नागरिकता पेस गरेमा निवेदकहरूलाई आमाको नामबाट नेपालको नागरिकता अविलम्ब प्रदान गर्नु भनी जिल्ला प्रशासन कार्यालय, नुवाकोटको नाममा र निवेदकहरूले आमाको नागरिकता पेस गरी जन्मदर्ताको प्रमाणपत्रको माग गरेमा निवेदकहरूको जन्मदर्ता गरी जन्मदर्ताको प्रमाणपत्र प्रदान गर्नु भनी विपक्षी शिवपुरी गाउँपालिका, नुवाकोट तथा शिवपुरी गाउँपालिका, वडा नं.५ को वडा कार्यालय, नुवाकोटको नाममा परमादेश आदेशसमेत जारी हुने।

इजलास अधिकृतः गणेशकुमार गौतम

**इति संवत् २०७७ साल मङ्सिर १४ गते रोज १ शुभम्।**

## २९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७१-CI-०९६२, लिखत एवं दर्ता बदर गरी बाटो खुलाई चलन चलाइपाऊँ, सुरेन्द्र नारायण पाण्डेय वि. नवलकिशोर सिंहसमेत*

जगतकुमारी थरूनीले नारायण घिमिरेलाई कि.नं.७४८ र कि.नं.१२०४ को जग्गा मिति २०५१।९।२८ मा, नारायण घिमिरेले सोही जग्गाहरू सुरेन्द्रप्रसाद पौडेललाई मिति २०५२।५।११ मा र सोही जग्गाहरू सुरेन्द्रप्रसाद पौडेलले प्रतिवादी सुरेन्द्रनारायण पाण्डेयलाई मिति २०६७।३।१६ मा राजीनामा गरिदिएको पाइन्छ। मालपोत ऐन, २०३४ को दफा २४(१) मा "सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता वा आवाद गर्न गराउन हुँदैन" भन्ने र स्थानीय प्रशासन ऐन, २०२८ को दफा १०क(३) मा "**कुनै सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास इत्यादि कसैले दर्ता गराएको रहेछ भने सो दर्ता बदर हुने छ। सोबमोजिम दर्ता बदर गराउन कुनै हदम्याद हुने छैन**" भन्ने व्यवस्था भएको देखिन्छ। उपर्युक्त कानूनी प्रावधानअनुरूप सार्वजनिक बाटोको जग्गा कसैको नाममा दर्ता रहेको भए पनि बदर हुने देखिन आउँछ। त्यसैगरी सार्वजनिक बाटोको जग्गा कसैको नाममा दर्ता कायम रहे पनि त्यस्तो दर्ता दूषित भई बदर हुने अवस्था रहन्छ। यस अवस्थामा विवादको न.नं.१२ र १० को जग्गामध्येबाट न.नं.३ को मूल बाटोदेखि न.नं.५ को बाटोसम्म १३(तेह्र) फिट चौडाइको सार्वजनिक बाटो कायम हुने भएकाले सो हदसम्म जग्गाको दाबीको मिति २०५१।९।२८, २०५२।५।११ र २०६७।३।१६ को राजीनामा लिखतहरू दूषित भई बदर हुने देखिन आएको।

मिति २०७१।२।२६ को नक्साबमोजिम विवादित कि.नं. ७४८ र १२०४ मा कायम हुन आएको न.नं.१२ र १० को जग्गामध्येबाट सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसलालाई केही उल्टी गरी न.नं.३ को मूल बाटोदेखि न.नं.५ को बाटोसम्म १३ फिट चौडाइको सार्वजनिक बाटो कायम भई सो हदसम्म जग्गाको दाबीको राजीनामा लिखतहरू बदर हुने र सो हदसम्म जग्गामा रहेका संरचनाहरू भत्काई सो हदसम्म जग्गा सार्वजनिक बाटोको उपयोगको लागि चलन चलाई पाउने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७१।०३।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

**इति संवत् २०७६ साल माघ १२ गते रोज १ शुभम्।**

**३०**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७३-CI-०३५०, अंशचलन, शिवलाल मानन्धर वि. मंगललाल मानन्धरसमेत*

वादीले एकातर्फ २०२३ सालदेखि मानो छुट्टिई अलग बसेको हुँदा उक्त जग्गामा मेरो हक छैन, प्रतिवादीहरूको नाउँमा जग्गा नामसारी दर्ता गर्न मन्जुरी छ भनी मन्जुरनामामा उल्लेख गरी आचरणद्वारा स्वीकारेको अवस्था छ भने अर्कोतर्फ हामीबिच अंशबण्डा भएको छैन अंश छुट्याइपाउँ भनी दाबी लिनुमा निजको आचरण, व्यवहार र फिराद दाबीबिच मेल खाएको नदेखिनुको साथै वादीले आफ्नो दाबीलाई प्रमाणित गर्न सकेको नदेखिँदा वादीको पुनरावेदन जिकिर तथा यस अदालतबाट मिति २०७३।४।२५ मा भएको मुद्दा दोहोर्‍याई हेर्ने अनुमति प्रदान गर्ने गरी भएको आदेशसँग सहमत हुन नसकिने।

पुनरावेदक वादी र प्रत्यर्थी / प्रतिवादीहरूका बिच व्यवहार प्रमाणबाट अंशबण्डा भइसकेको देखिँदा वादी दाबी पुग्न नसक्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।३।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः- नवराज कार्की

कम्प्युटर : सुप्रभा अर्याल

**इति संवत् २०७६ साल माघ १९ गते रोज १ शुभम्।**

## इजलास नं.९

**३१**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७४-CI-१०८६, अंशचलन, पूर्ण शंकर तामाङ वि. चक्रवीर तामाङसमेत*

प्रतिवादीहरूले पैत्रिक पितापुर्खाको सम्पत्ति लिए खाएको भए सो सम्पत्तिमा सबै अंशियारको उत्तिकै हक अधिकार समानरूपमा स्थापित हुने कुरामा विवाद हुँदैन। प्रतिवादीहरूले फरकफरक व्यक्तिहरूबाट विभिन्न मिति, समय र स्थानमा जग्गा खरिद गरी लिएको अवस्था देखिन्छ । उक्त जग्गाहरू आफ्ना पितापुर्खाको नाउँमा दर्ता रही प्रतिवादीहरूले आफ्ना नाउँमा नामसारी गरेको वा पैतृक सम्पत्तिबाट नै खरिद गरेको हो भनी वादीले वस्तुनिष्ठ, तथ्ययुक्त लिखत सबुद प्रमाणहरू पेस गरी दाबी जिकिरलाई प्रमाणित गर्न सकेको पाइँदैन। प्रतिवादीहरूले केही सम्पत्ति सुकुम्बासी समस्या समाधान आयोगबाट प्राप्त

गर्दाका बखत निज वादी प्रतिवादीहरूको सँग साथमा बसेको भनी देखिने कुनै फारम लगत आदि पेस हुन सकेको देखिँदैन । यस स्थितिमा प्रतिवादीहरूको नाउँमा दर्ता रहेको उल्लिखित कि.नं.का जग्गाहरू निज प्रतिवादीहरूले ज्ञान, सीप, स्वआर्जन वा परिश्रमबाट सुकुम्बासी समस्या समाधान आयोग र विभिन्न व्यक्तिबाट खरिद गरी प्राप्त गरेको देखिएकोले उल्लिखित जग्गाहरू प्रतिवादीहरूको निजी आर्जनको सम्पत्ति रहेको पुष्टि हुन आयो । यी पुनरावेदक वादीले आफ्नो बाबु र आमा जीवित रहेकै अवस्थामा अंशमा दाबी नगरी बाबुको २०३८ सालमा र कान्छी आमाको २०७० सालमा मृत्यु भएपश्चात् दाजु भाइका नाममा दर्ता रहेको सम्पत्ति बण्डा गर्नुपर्ने भनी दाबी लिँदा शुद्ध मनसायले आएको नदेखिँदा उल्लिखित आधारबाट पुनरावेदन जिकिरबमोजिम पुनरावेदक वादीले प्रतिवादीहरूबाट अंश पाउने आधार नै नभएको देखिँदा सुरू फैसला उल्टी गरी वादीले अंश नपाउने गरी उच्च अदालत विराटनगरबाट भएको फैसला कानूनसम्मत भएकोले एकासगोलमा रही बसेको अवस्थामा विभिन्न मितिमा प्राप्त भएको सम्पत्ति सगोलमा रहँदाकै अवस्थामा प्राप्त भएको र सो सम्पत्ति बण्डा नलाग्ने गरी भएको फैसला फरक पर्न सक्ने भनी यस अदालतबाट मिति २०७५/०२/०१ मा भएको आदेशसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरूको नाममा रहेका जग्गा वादीले अंश पाउने गरी भएको सुरू सुनसरी जिल्ला अदालतको मिति २०७२/०२/२८ को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहरी उच्च अदालत विराटनगरबाट मिति २०७४/०४/१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : नारायण सापकोटा

कम्प्युटर : सरस्वती दाहाल

**इति संवत् २०७८ साल साउन २४ गते रोज १ शुभम् ।**

**३२**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-CR-०६०१, कर्तव्य ज्यान, सञ्जय भट्ट वि. नेपाल सरकार*

प्रतिवादीको अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्षको इन्कारी बयान, घटनास्थल मुचुल्काका मानिसको भनाइ, मृतकको लास जाँच मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन तथा उक्त शव परीक्षण प्रतिवेदन तयार पार्ने डा. तुल्सी कँडेलको बकपत्र तथा मिसिल संलग्न अन्य कागजात र तथ्यहरूबाट प्रतिवादी सञ्जय भट्ट र मृतक शान्ता पोखरेलबिच झगडा भई कुटपिटसम्म भएको कुरामा कुनै विवाद देखिएन । मृतकको शव परीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरासम्बन्धमा माथि गरिएको विवेचनाबाट मृत्युको कारण झुन्डिनु नै रहेको र मृतक झुन्डिई मरेको हुन सक्ने स्थितिको विद्यमानता रहेको देखिएको अवस्थामा प्रतिवादीले मृतकलाई झुन्ड्याई मार्ने कार्य गरेको पुष्टि हुने विश्वासिलो अकाट्य प्रमाणको अभावमा अनुमान, आशङ्का र सम्भावना जस्ता मनोगत प्रमाणलाई आधार बनाई प्रतिवादीकै कर्तव्यबाट मृतकको मृत्यु भएको भनी निष्कर्षमा पुग्नु न्यायोचित हुने देखिएन । यस स्थितिमा अभियोग दाबीअनुसार यी प्रतिवादीलाई सजाय गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको उच्च अदालत पाटनको फैसला मिलेको नदेखिने ।

प्रतिवादी सञ्जय भट्टलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. को

कसुरमा ऐ. १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७१।९।१६ को फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७४।०२।२३ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी सञ्जय भट्टले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : मतिना शाक्य

कम्प्युटर : सरस्वती दाहाल

**इति संवत् २०७७ साल चैत्र २६ गते रोज ५ शुभम्।**

**३३**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७३-WO-०४८४, उत्प्रेषण प्रतिषेधसमेत, कृष्णभक्त नकर्मीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

प्रस्तुत निवेदनमा निवेदकहरूले सडक विस्तारका लागि विपक्षीमध्येका काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय भक्तपुरले मिति २०७३/०७/२८ मा प्रकाशित गरेको सार्वजनिक सूचनाबमोजिम बुझ्न जाँदा नक्सा पास भएका घरहरूको मात्र क्षतिपूर्ति दिने तर सडक विस्तार गर्ने भनी तोकिएको सीमाभित्रको व्यक्तिगत सम्पत्तिको मुआब्जा नदिने भनेबाट राज्यले सार्वजनिक उपयोगको निमित्त व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा मुआब्जा दिएर मात्र गर्नुपर्ने भन्ने संवैधानिक एवम् कानूनी व्यवस्थाको अनुशरण विपक्षीले नगरेकोले आफ्नो सम्पत्तिमाथिको संवैधानिक र कानूनी हक हनन हुन पुगेको भन्ने जिकिर लिएको पाइन्छ। त्यसैगरी, निवेदनमा कानूनबमोजिमको क्षतिपूर्ति वा मुआब्जा नदिएसम्म आफ्नो सम्पत्ति अतिक्रमण हुने गरी विपक्षीहरूले कुनै प्रकारको हस्तक्षेप गर्न पाउनु हुँदैन भन्ने जिकिर लिएको देखिँदा कानूनबमोजिमको मुआब्जा / क्षतिपूर्ति दिएमा आफूहरूलाई त्यसरी गरिने अधिग्रहणमा आपत्ति नहुने भन्नेसमेत आशय निवेदकहरूले राखेको देखियो। निवेदकहरूले दाबी लिएका जग्गाहरू निवेदकहरूका व्यक्तिगत हक स्वामित्वका होइनन् भनी विपक्षीहरूले लिखित जवाफबाट भन्न सकेको वा त्यस्तो कुरा अन्य कुनै प्रमाणबाट खुल्न आएकोसमेत नदेखिने।

संवैधानिक व्यवस्थाले व्यक्तिले कानूनको अधीनमा रही आर्जेको सम्पत्तिको हक स्वामित्वलाई मौलिक अधिकारका रूपमा संरक्षण गरी राज्यको आवश्यकताले सार्वजनिक हितका लागि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा कानूनबमोजिमको प्रक्रिया पूरा गर्नुपर्ने संवैधानिक दायित्व सिर्जना गरिदिएको छ । राज्यले सार्वजनिक हितको लागि व्यक्तिको जग्गा अधिग्रहण गर्दा जग्गा प्राप्ति ऐन, २०३४ (जग्गा प्राप्ति सम्बन्धमा तत्काल प्रचलनमा रहेको कानूनी व्यवस्था) बमोजिम गर्नुपर्ने कानूनी व्यवस्था छ । विपक्षीहरूले सडक विस्तारका लागि प्रस्ताव गरेको निवेदकहरूको घर संरचना, जग्गा वा सम्पत्ति सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ वा ऐजन दफा ३क बमोजिम हुने हो भने पनि उक्त कानूनमा उल्लिखित नेपाल राजपत्रको के कुन सूचनाअनुसार वा अन्य के कुन तरिकाले उक्त जग्गा सडककै सीमाक्षेत्रभित्रको हो भनी लिखित जवाफबाट भन्न खुलाउन र निवेदकहरूको दाबीको जग्गा, जग्गा प्राप्ति ऐन, २०३४ कार्यप्रणाली अवलम्बन गरी अधिग्रहण गरिएको हो भनी प्रतिदाबी लिन सकेकोसमेत नपाइने।

सडक विस्तार गर्दै विकासको कार्य अगाडि बढी नै सकेको तथा कानूनबमोजिमको

मुआब्जा / क्षतिपूर्ति दिएमा आफूहरूलाई त्यसरी गरिने अधिग्रहणमा आपत्ति नहुने भन्नेसमेत आशय निवेदकहरूले राखेको परिप्रेक्ष्यमा सडक विस्तार एवम् विकास निर्माण कार्यलाई रोक्न मनासिब नहुने हुँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरिरहनु परेन । निवेदकहरूका हकमा जग्गा प्राप्ति ऐन, २०३४ को कार्य प्रणाली अवलम्बन गरी रिट नं. ०७४-WO-०५२० को रिट निवेदनमा भएको आदेशबमोजिम प्रमाणिकता निर्धारण गरी मुआब्जा / क्षतिपूर्ति दिने कार्य गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: ताराप्रसाद डाँगी / विकाशकुमार रजक

कम्प्युटर : चन्द्रा तिमल्सेना

**इति संवत् २०७७ साल पौष २७ गते रोज २ शुभम् ।**

## इजलास नं.१०

### ३४

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७७-WH-०३३२, बन्दीप्रत्यक्षीकरण, सुवेश श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

प्रतिवादी सुवेश श्रेष्ठ २०६८ सालमा मोटरसाइकल दुर्घटनामा परी खुट्टा भाँची गम्भीर चोट लागेको, सोही दुर्घटनाको असरले अझसम्म राम्रोसँग हिँडडुल गर्न नसक्ने भएको, सो घाउचोटबाट हुने पीडाको असर कम गर्नको लागि बेलाबेलामा DIALEX-DC सेवन गर्ने गरेको तथ्य स्वीकार गरी अनुसन्धान र अदालतमा समेत बयान गरेको देखिन्छ । निज लागु औषधको सेवनकर्ता भएकोले सहारा केयर होम प्रा.लि.मा उपचार गराएको, प्रतिवादी भद्रबहादुर खड्काबाट बरामद भएको DIALEX-DC १०० मिलिका १० वटा बोतल सुवेश श्रेष्ठले मगाएको हो भनी घटना विवरणमा कागज गर्ने अभिषेक वियाली र ज्योति तामाङले मौकाको कागजमा उल्लेख गरेको देखिन्छ । यी निवेदक सुवेश श्रेष्ठ लागु औषधको ओसार पसार र कारोबार गर्ने व्यक्ति हो भन्ने कुरा तत्कालका मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि भएको देखिँदैन । वर्तमान अवस्थामा फैलिएको COVID-१९ को महामारीको असर नेपालमा व्यापक भएको निज सुगरको दीर्घरोगीसमेत देखिँदा अत्यधिक भीडभाड हुने कारागारमा बस्दा निजलाई संक्रमणको उच्च जोखिम हुन सक्ने अवस्थालाई अन्यथा लिनुपर्ने कारण पनि देखिँदैन । निजबाट बरामद भएको लागु औषधको मात्रा पनि DIALEX-DC १० बोतल देखिएकोले न्यून परिमाणको देखिन आउँछ। निजले प्रस्तुत निवेदन बन्दीप्रत्यक्षीकरणको मार्ग अवलम्बन गरी आएको सन्दर्भबाट हेर्दा हाल COVID-१९ को महामारीका कारणले निवेदकले प्रचलन गर्न पाउने नियमित मार्गहरूसमेत प्रभावित भइरहेको अवस्था भएकोले त्यस्ता नियमित उपचार प्रभावकारी नभएको स्थितिमा बन्दीप्रत्यक्षीकरणको मार्ग प्रवेशलाई अन्यथा भन्न नसकिने ।

निवेदक सुवेश श्रेष्ठ लागु औषधको सेवनकर्ता भएको, बिक्री वितरणकर्ता नभएको र निजले सहारा केयर होम प्रा.लि.मा उपचार गराएको, निज मोटरसाइकल दुर्घटनाको कारणबाट खुट्टामा रहेको चोटपीडा कम गर्नको लागि निजले उक्त DIALEX-DC सेवन गरी आएको भन्ने बयान बेहोरा र मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिनुका साथै बरामद भएको लागु औषध DIALEX-DC को मात्रा १०० मिलि लिटरका

१० वटा सिसी मात्र रहेको र वर्तमान अवस्थामा फैलिएको COVID-१९ को महामारीको अवस्था एवं कसुर हुनको अवस्था, परिस्थिति, पृष्ठभूमि र निजलाई हुन सक्ने सजायसमेतलाई मनन गर्दा यी निवदकलाई थुनामा राख्नु मनासिब नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : हेमराज तिमिल्सेना

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७८ साल जेठ ७ गते रोज ६ शुभम् ।**

**३५**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७६-WO-०९७०, उत्प्रेषणसमेत, श्रीमा डिष्ट्रिब्युसन नेपाल प्रा.लि. वि. भन्सार विभाग त्रिपुरेश्वर, काठमाडौंसमेत*

प्रस्तुत निवेदनमा निवेदकले आधिकारिक पैठारीकर्ताको भार बहन गर्न कागजात पेस गरेको छ भने विपक्षीले सो कागजातहरूको युक्तिसङ्गत तवरले खण्डित गर्न सकेको देखिँदैन । TESLA MOTORS HK LIMITED सँग गाडी आयात गर्न आधिकारिक Export Agreement सम्पन्न गरी गाडीहरू आयात गर्ने क्रममा भन्सार छुटाउने सम्बन्धमा यातायात व्यवस्था विभागको च.नं.६१८ मिति २०७५।०८।१० को पत्रबाट पूर्व स्वीकृतिसमेत प्राप्त गरी Performa Invoice, साथै राखी TESLA MOTORS HK LIMITED को Tesla Model X गाडीहरू South China Exim Limited सँग खरिद गर्ने सम्झौता भई 6th Jan 2020 मा माछापुच्छ्रे बैंक लि. को एल.सी.नं. MBL19NRD778 बाट Tesla Model X थान २ गाडी मिति २०७६।१०।१५ मा विपक्षी भन्सार कार्यालय, वीरगन्जमा आइपुगेको देखिने ।

निवेदक श्रीमा डिष्ट्रिब्युसन नेपाल प्रा.लि. Hong Kong स्थित TESLA MOTORS HK LIMITED को गाडी बिक्रेता South China Exim Limited सँग सम्झौता गरी TESLA MOTORS HK LIMITED र South China Exim Limited का बिचमा नेपालमा गाडी निर्यात गर्न आधिकारिक Export Agreement भई उक्त कम्पनीले आधिकारिक बिक्रेताको हैसियतबाट गाडी पैठारी गरी भन्सार जाँचपाससमेत गराई गाडी छुटाई लगेको अवस्थामा उक्त सवारी साधनहरू निर्माता कम्पनी वा निजको आधिकारिक बिक्रेताबाट खरिद गरिएको नदेखिएकोले पुनः परीक्षणको लागि भनी उक्त गाडीहरू फिर्ता लाने सम्बन्धमा भएका निर्णय र सोसम्बन्धी वीरगन्ज भन्सार कार्यालयको मिति २०७६।१०।१५, २०७६।१०।१६ र २०७६।१०।१९ को पत्र तथा भन्सार विभागको मिति २०७६।१०।२१ को पत्रसमेत उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७८ साल श्रावण २८ गते रोज ५ शुभम् ।**

- यसै लगाउको ०७७-WO-०१९७, उत्प्रेषण परमादेश, *श्रीमा डिष्ट्रिव्युसन नेपाल प्रा.लि. वि. प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था कार्यालय साना ठूला सवारी, बागमती प्रदेश, एकान्तकुना, ललितपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**३६**

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री कुमार चुडाल,** ०७६-WO-०१३२, उत्प्रेषण प्रतिषेध परमादेश निषेधाज्ञासमेत, पार्वती चन्द

वि. उच्च अदालत पोखरा, बागलुङ इजलास, बागलुङसमेत

प्रत्यर्थीका अंशियार देखिने दिपेन्द्र बरूवालकी एकासगोलकी पत्नीका विरूद्ध अंश मुद्दा पर्नु अगावै चेक अनादर मुद्दा चली कारबाही भइरहेको स्थितिमा मिति २०६७।४।२४ मा घरायसी बण्डा भएको र सो बण्डामा मुख मिलेको भनी रजिस्ट्रेसनसमेत नभएको घरायसी बण्डालाई उच्च अदालत पोखरा, बागलुङ इजलासले मानो छुट्टिएको मिति कायम गरेको देखिन्छ । उक्त घरायसी लिखतबमोजिमको मानो छुट्टिएको मिति कायम भएमा तेस्रो पक्षका रूपमा रहेका निवेदकको हकाधिकारमा प्रत्यक्ष असर पर्ने र सो लिखत आपसी सल्लाह सम्बन्धबाट भएको भन्ने रिट निवेदकको जिकिर देखिन्छ । साबिक मुलुकी ऐनको रजिस्ट्रेसनको महलको १ नं. बमोजिम अंश बण्डाको लिखत रजिस्ट्रेसन हुनुपर्ने र रजिस्ट्रेसन नभएका यस्ता लिखतले कानून मान्यता नपाउने सम्बन्धमा सर्वोच्च अदालतबाट अनेकन मुद्दाहरूमा व्याख्या भएको पाइन्छ । उक्त कानूनी व्यवस्थालाई मुलुकी देवानी संहिता, २०७४ को दफा ४६४ समेत निरन्तरता प्रदान गरेको पाइन्छ । कुनै सम्पत्तिका सम्बन्धमा उनाउ पक्षहरूबिच विवाद विचाराधीन रहेको अवस्थामा घरायसी लिखत सिर्जना गरी त्यस्ता लिखतको आडमा विचाराधीन मुद्दालाई निस्तेज, निष्क्रिय वा प्रभावी गर्ने कार्यलाई स्वस्थ विवाद मान्न सकिन्न । खराब व्यवहार वा क्रिया (Dirty Transaction or Dirty Acts) लाई अदालतले मान्यता दिन सक्दैन । अदालतले वस्तुगत एवम् तथ्यगत अवस्थाको मिहीन मूल्याङ्कन गरी प्रचलित कानूनबमोजिम न्याय सम्पादन गर्ने अहम् जिम्मेवारी बहन गर्ने दायित्व निर्वाह गर्ने गर्दछ । प्रस्तुत मुद्दामा अंशियारका रूपमा रहेकी सीता बरूवालउपर पार्वती चन्दको जाहेरी दरखास्तबाट बैंकिङ कसुर मुद्दा चलेको स्पष्ट देखिन्छ । सो मुद्दाबाट भरिभराउसमेतको आर्थिक दायित्व सिर्जना हुन सक्ने अवस्था रहन सक्छ । यसरी प्रस्तुत सम्बन्धमा तेस्रो पक्षको हक अधिकार सिर्जना भएपछि प्रत्यर्थीहरूले सो आर्थिक दायित्वलाई निस्तेज वा प्रभावित पार्न घरायसी लिखत बनेको होइन भनी अहिले नै निष्कर्ष निकाल्न सकिने अवस्था पनि रहेन । यसरी मिति २०६७।४।२४ मा अंशबण्डा भएको भनिएको घरायसी लिखत तेस्रो पक्षको मुद्दा पर्दाका बखतसम्म पनि रजिस्ट्रेसन नभएको, प्रत्यर्थीहरूबिच अंशबण्डासम्बन्धी भएको लिखत अनायास प्रकाशमा आएको, त्यस्ता घरायसी लिखत आपसी सल्लाह सहमति वा कपटपूर्ण उद्देश्यले सिर्जित हुन सक्ने भएकोसमेतका तमाम अवस्थाहरू रहेको स्थितिमा निवेदकको दाबी जस्तै तेस्रो पक्षको हकाधिकारलाई दखल गर्न सक्ने गरी घरायसी लिखत तयार हुन सक्ने पर्याप्त गुन्जायस रहने भएको र यस्ता लिखतलाई मुख मिलेको भनी मान्यता दिँदै जाने हो भने तेस्रो पक्षको हकाधिकारमा स्वभाविक आघात पुग्न जाने ।

अंशबण्डाको लिखत रजिस्ट्रेसन हुनुपर्ने अनिवार्य व्यवस्था प्रचलित कानूनले गरेकोसमेत परिप्रेक्ष्य र अंश मुद्दा पर्नुपूर्व नै रिट निवेदकको हकाधिकार सिर्जित भएको स्थितिमा तेस्रो पक्षको अधिकार (Third Party Right) लाई प्रत्यक्ष असर पर्ने गरी अंश मुद्दाका वादी प्रतिवादीबिच मुख

मिलेको भन्ने आधारमा मिति २०६७।४।२४ लाई मानो छुट्टिएको मिति कायम हुने गरी उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७५।७।८ मा भएको आदेश उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । साथै यस अदालतबाट मिति २०७६/५/२ मा भएको अन्तरिम आदेश निष्क्रिय हुने ।

साथै म्याग्दी जिल्ला अदालतबाट अंश मुद्दामा मिति २०७५।४।२२ मा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी भएको आदेशानुसार अग्रिम कारबाही गर्नु, गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी गरिदिएको छ । आदेश कार्यान्वयनको लागि यसपूर्व नै सङ्क्षिप्त आदेश जारी भई म्याग्दी जिल्ला अदालतमा यस अदालतको मिति २०७८।१०।१२, च.नं.२०६९८ को पत्रद्वारा आदेशानुसार अग्रिम कारबाही गर्नु, गराउनु हुन भनी पत्राचार भइसकेकोले सोतर्फ केही गरिरहनु नपर्ने ।

इजलास अधिकृत : सुरेश के.सी.

कम्प्युटर : प्रेमबहादुर थापा

**इति संवत् २०७८ साल पौष १४ गते रोज ४ शुभम् ।**

## इजलास नं.११

### ३७

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७७-WH-०१६९, बन्दीप्रत्यक्षीकरण, देवीबहादुर गुरूङ वि. महानगरीय प्रहरी परिसर, जावलाखेलसमेत*

फौजदारी कानून प्रतिकूलको कार्य भएको अवस्थामा अनुसन्धान तहकिकात तथा अभियोजन गरी दोषीलाई कानूनको दायरामा ल्याउने काम राज्यका सम्बद्ध निकायको हो भन्ने कुरामा कुनै विवाद छैन । अपराध नियन्त्रण गरी समाजमा कानून व्यवस्था बहाल राख्नु र अमनचैन कायम गर्नु सरकारको एउटा महत्त्वपूर्ण दायित्व पनि हो । यसका लागि अभियुक्तलाई नियन्त्रणमा राखी घटनाको अनुसन्धान छानबिन तथा अभियोजनलगायतका न्यायिक प्रक्रियाको अवलम्बन गर्नु अति आवश्यक हुन्छ । तर कानूनको उचित प्रक्रिया नपुऱ्याई गरिएका उक्त कार्यहरू सर्वथा कानूनको प्रतिकूल हुन्छन् भन्ने कुरालाई पनि उत्तिकै हेक्का राख्नुपर्ने ।

संविधानले कानूनी औचित्य पुष्टि हुन नसक्ने प्रकृतिका थुना, गिरफ्तारी तथा गैरकानूनी शक्तिको प्रयोग गर्नबाट निषेध गरेको छ । कानूनको उचित प्रक्रिया नपुऱ्याई कसैलाई पनि वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गर्न वा अंकुश लगाउन पाइँदैन । कानूनले तोकेको उचित प्रक्रियाको अनिवार्यरूपमा पालना नगरिएमा त्यस्तो कार्यले वैधता प्राप्त गर्न पनि सक्दैन । राज्यले कुनै पनि नागरिकप्रति प्रवृत्त धारणा राखेर व्यवहार गर्नु हुँदैन । मुद्दाको रोहमा अदालतको आदेश पालना नगर्ने, छल्ने वा कुनै प्रकारको बहानामा आफ्नो अभीष्ट साध्य गर्न खोज्ने प्रवृत्ति पनि शोभनीय र स्वीकार्य हुँदैन । कानूनी प्रक्रियामा व्यक्तिउपर गरिने व्यवहार न्यायिक, स्वच्छ र तर्कसङ्गत (Just, Fair and Reasonable) हुनुपर्दछ । अदालतमा मुद्दा परेपछि पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी तत्काल अभियुक्तलाई थुनामा वा धरौट वा तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने कार्य सर्वमान्य न्यायिक प्रक्रिया हो जसलाई हाम्रो न्यायप्रणालीले घनीभूत रूपमा आत्मसात गरी आएको पाइन्छ ।

अदालतबाट थुनछेक आदेश भएकोमा आदेशानुसार अभियुक्तलाई कि त थुनामा राख्नुपर्ने हुन्छ कि त धरौट वा साधारण तारेखमा राख्नुपर्ने हुन्छ। प्रस्तुत निवेदनको बेहोरा, विपक्षीहरूको लिखित जवाफ एवम् मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेर्दा यी निवेदकउपर यसअघि पनि विभिन्न किसिमका फौजदारी अभियोगमा पटकपटक मुद्दा चलाइएकोमा अदालतबाट भएको थुनछेक आदेशले धरौट माग भई मागबमोजिमको नगद धरौट दाखिल गरी यी निवेदक तारेखमा छुटेको र मुद्दाहरू विचाराधीन अवस्थामै रहेको भन्ने देखिन आयो । यसरी निवेदकउपर चलेका मुद्दाहरू सुनुवाइकै चरणमा रहिरहेको देखिँदादेखिँदै विपक्षीहरूबाट यी निवेदकउपर थप बहाना बनाई थप मुद्दाको सिर्जना गरी निवेदकलाई दु:ख सास्ती दिने गरेको र अदालतले गरेको आदेशको पूर्ण पालना नगरेको भन्नेसमेत देखिन आउनुको साथै जे जसरी भए पनि निवेदकलाई आस्थाको कारणबाट प्रवृत्त भावना राखी थुनामै राखी राख्ने मनसायबाट धरौट राखेर छुटेको अवस्था तथा तारेखमा छुटेको अवस्थामा अर्को जिल्लामा पक्राउ परेको भनी नागरिकको नागरिक हकमा आघात पुऱ्याउने कार्यतर्फ राज्य संयन्त्र लागिराख्नु निश्चय नै कानूनी राज्यको बर्खिलाप हुन आउँछ। राज्यको अंगबाट नै कानून पालना नगर्ने, अदालतको आदेशलाई छल्दै बहाना बनाई बराबर पक्राउ गर्नु यस्तो कार्य कुनै पनि सभ्य समाजको दायराभित्र पर्न नआउने।

मुद्दाको रोहमा अदालतबाट भएको आदेशबमोजिम तारेखमा छुटेको व्यक्तिलाई उसै बखत पुन: पक्राउ गरी कब्जामा लिने प्रवृत्तिले राज्यको स्वेच्छाचारितालाई बढावा दिने, राज्यप्रति नागरिकको आस्था र विश्वास गुम्न जाने र संविधानद्वारा प्रत्याभूत नागरिकको मौलिक हकको प्रचलनमा गम्भीर आघात पुग्न जाने अवस्था रहन्छ । गैरकानूनी रूपमा वा कानूनको उचित प्रक्रिया पूरा नगरी प्रवृत्त धारणा राखेर यदि कसैलाई बन्दी बनाइन्छ भने त्यस्तो अवस्थामा अदालतले असाधारण अधिकारक्षेत्रको प्रयोग गरी व्यक्तिको स्वतन्त्रताको रक्षा गर्नु अदालतको परम कर्तव्य हुन आउँछ। विधिको शासन, संविधान एवम् कानूनद्वारा प्रत्याभूत व्यक्तिका हक अधिकारको संरक्षण गर्ने, कानूनको प्रयोग र पालना गर्ने तथा न्यायिक मूल्य मान्यताको संवर्द्धन गर्ने सन्दर्भमा राज्यले कुनै पनि व्यक्तिउपर प्रवृत्त धारणा राखेर गरिएको व्यवहारलाई कदापि उचित ठान्न नसकिने।

निवेदकलाई विपक्षीहरूले प्रवृत्त भावना राखी गैरकानूनी रूपमा थुनामा राखेको देखिएकोले नेपालको संविधानको धारा १३३ (२),(३) एवं सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ (क) र (ख) बमोजिम निवेदक बन्दीलाई थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : मानबहादुर विष्ट
कम्प्युटर : मन्जिता ढुंगाना

**इति संवत् २०७७ साल माघ ८ गते रोज ५ शुभम्।**

## इजलास नं.१२

### ३८

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७७-CR-०८५४, अप्राकृतिक मैथुन, नेपाल सरकार वि. परिवर्तित*

*नाम जिल्ला ७५(अ) कुमार*

जाहेरवालीले मौकामा दिएको किटानी जाहेरी निजले अदालतसमक्ष गरेको बकपत्र बेहोराबाट खण्डित भएको, घटनास्थलमा तत्काल पुग्ने पीडितको दिदी अदालतसमक्ष उपस्थित भई बकपत्र गर्न नसकेको, घटना सम्बन्धमा कागज गर्ने व्यक्तिहरू घटनाको प्रत्यक्षदर्शी नभई सुनिजान्ने रहेको, चिकित्सकले दिएको राय चिकित्सा विज्ञानको आधारमा विश्लेषण गरी व्यक्त गरिएको नभई पक्षहरूको भनाइको आधारमा व्यक्त गरिएको देखिँदा कानूनको द्वन्द्वमा परेको बालकउपरको अभियोग दाबी मिसिल संलग्न स्वतन्त्र एवं वस्तुनिष्ठ प्रमाणबाट पुष्टि नभएको अवस्थामा सुरू फैसला बदर गरी कानूनको द्वन्द्वमा परेको बालकलाई अभियोग दाबीबाट सफाइ दिने गरी उच्च अदालतबाट भएको फैसला अन्यथा नदेखिने ।

कानूनको द्वन्द्वमा परेको बालक फुच्चे भन्ने जिल्ला ७५ (अ) कुमार लाई अभियोग दाबीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा २२६ (१) बमोजिमको कसुर अपराध गरेको ठहराई सोही दफा २२६(३) (क) बमोजिम हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(३) बमोजिम हुने सजायको आधा साढे बाह्र वर्ष कैद सजाय हुने र प्रतिवादीका अभिभावकबाट पीडितले ५०,०००।- पचास हजार क्षतिपूर्तिसमेत भरी पाउने ठहराई सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०७६/११/११ मा भएको फैसला उल्टी गरी कानूनको द्वन्द्वमा परेको बालक फुच्चे भन्ने जिल्ला ७५(अ) कुमारलाई आरोपित कसुरबाट सफाइ दिने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७७।५।३० मा भएको फैसला मनासिब भई मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : जानकी रमण यादव

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७८ साल असार २३ गते रोज ४ शुभम् ।**

**३९**

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७७-WH-०३२२, बन्दीप्रत्यक्षीकरण, प्रेमा कुमारी गिरी वि. मकवानपुर जिल्ला अदालत, हेटौंडासमेत*

प्रस्तुत निवेदनमा निवेदक नकबजनी चोरीको ६ थान मुद्दामा मकवानपुर जिल्ला अदालतबाट मिति २०७१।१।२१ मा भएको फैसलाअनुसार ६ वर्ष कैद र रू. ७,९८,१४४।- जरिवाना ठहर भई प्रचलित कानूनी व्यवस्थाअनुसार थुनामा बसेको अवधिले चुक्ता भइसकेको हुँदा बन्दीप्रत्यक्षीकरण आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने मुख्य निवेदन जिकिर रहेको देखियो । प्रचलित कानून अध्ययन गर्दा, मुलुकी अपराध संहिता, २०७४ को दफा २४३ को उपदफा (१) ले कसैले नकबजनी चोरी गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था गरेको र उपदफा (३) ले उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई तीन वर्षदेखि पाँच वर्षसम्म कैद र तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म जरिवाना हुने छ भन्ने कानूनी व्यवस्था भएको छ । निवेदकलाई प्रचलित कानूनी व्यवस्थाबमोजिम नकबजनी चोरीको कसुरमा अधिकतम कैद ५ वर्ष मात्र हुने र ६ वटा मुद्दामा प्रत्येकमा रू.५०,०००।- का दरले जम्मा रू.३,००,०००।- (तीन लाख रूपैयाँ) जरिवाना हुने देखियो । साथै ऐ. संहिताको दफा

४५ (४) र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६ (४) मा १६ वर्षदेखि १८ वर्षसम्मका नाबालकलाई उमेर पुगेका व्यक्तिलाई हुने सजायको दुई तिहाई मात्र सजाय हुने व्यवस्था रहेको छ । निवेदकले पेस गरेको नागरिकताको प्रतिलिपिको अध्ययन गर्दा निजको जन्ममिति २०५२।१०।१८ भई पहिलो वारदात मिति २०७०।०१।३१ मा निजको उमेर १ वर्ष ३ महिना १३ दिन मात्र भई १८ वर्ष पूरा भई नसकेको देखिँदा निजलाई दुई तिहाई मात्र सजाय हुने।

निवेदक उमेश लामा थिङलाई हुने कैद ५ वर्ष र जरिवाना रू.३,००,०००।- को दुई तिहाइ सजायमा कैद ३ वर्ष ४ महिना र जरिवाना रू.२,००,०००।- मात्र हुने भई निजको कैद सजाय भुक्तान भई जरिवानाबापत हुने कैदमा पनि निज थुनामा बसी सजाय भुक्तान भइसकेकाले निज हाल गैरकानूनी थुनामा रहेको देखिँदा प्रस्तुत मुद्दाको सन्दर्भमा अविलम्ब थुनाबाट मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : उषा गिरी

कम्प्युटर : विजय खड्का

**इति संवत् २०७८ साल जेष्ठ २४ गते रोज २ शुभम्।**